# धादिङ र मकवानपुर जिल्लाका विभिन्न स्थानमा माओवादी प्रतिकारका नाममा गरिएको हत्या र हिंसात्मक घटनाको पृष्ठभूमीका सम्बन्धमा स्थलगत अध्ययन प्रतिवेदन


**सारांश**

नेपालको राजधानी काठमाडौंसँग जोडिएका धादिङ र मकवानपुर जिल्लामा माओवादी र स्थानीय गाउँलेबीचको द्वन्द्वले हिंसात्मक रूप लिएपछि विभिन्न स्थानमा गरी नेकपा (माओवादी)का कूल पाँच जना कार्यकार्ता मारिए। माओवादीले स्थानीय बासिन्दालाई कुटपीट गर्ने, धम्की दिने, जवरजस्ती भारी बोक्न लगाउने जस्ता कार्यहरू गरेका थिए। उल्लेखित दुवै जिल्लाका जनताउपर विगतमा माओवादी कार्यकर्ताहरूले आफ्ना विविध नीति तथा नियमको पालना गराउने नाममा ज्यादति गरेका प्रष्ट छ। तर साउन महिनाको शुरूवातदेखि माओवादीको प्रतिकारका नाममा विद्यमान कानुनको वेवास्ता गरी हिंसाकै बाटो समातिएपछि अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लंघन भएको छ। शान्ति सुरक्षा वहाल गर्ने राज्यको दायित्वलाई व्यवहारमा रूपान्तरण गर्ने निकायहरूको काम कर्तव्य नागरिकबाट पूरा गराउने अवधारणा राज्यबाट अघि बढाइनु भनेको गृहयुद्धलाई निम्त्याउनु हुन जान्छ। यससन्दर्भमा माओवादी पक्षबाट पनि अब उप्रान्त जनतालाई दु:ख दिने कुनै पनि कार्य नदोहऱ्याउन र आफ्ना प्रतिवद्धताहरूको स्मरण गर्न जरूरी छ। माओवादीको केन्द्रीय नेतृत्वले विगतमा आफ्ना कार्यकर्ताहरूबाट भएको कतिपय ज्यादतिका कारण समेत दु:खद घटनाक्रमको जन्म भएको तथ्य आत्मसात गर्दै दुवै जिल्लाका स्थानीय जनताउपर प्रतिशोधको कार्वाही अघि नबढाउने प्रतिवद्धता जारी गर्न समेत जरूरी छ। यस घटनाक्रममा प्रतिकारको नाममा स्थानीय बासिन्दाद्वारा कानून हातमा लिइ हत्या गर्ने कार्य भएको छ। तसर्थ: श्री ५ को सरकारले समग्र घटनाक्रमको तत्काल छानविन गरी दोषीउपर कानुनी कारवाही अघि बढाउन जरुरी छ। आक्रोशित स्थानीय बासिन्दा अहिले पनि हतियारले सुसज्जित भएर प्रतिकारमा हिंडिरहेका छन्। तसर्थ: थप हिंसा रोक्न उनीहरूलाई तत्काल निशस्त्र गरी सरकारद्वारा आवश्यक सुरक्षाको प्रबन्ध गरिनु अत्यावश्यक छ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**


**२०६२ साउन २८ गते, काठमाडौं**

# Summary

A total of five Maoist activists were killed after the clashes between the villagers and the Maoists turned violent in the bordering area of Dhading and Makanpur districts, adjacent to Kathmandu valley. Earlier, Maoists had assaulted, threatened and forced the locals of the area to carry their loads. It is clear that the Maoists, in the past, had been inflicting torture and atrocities to the people of the above mentioned districts in the name of implementing their policy and strategies.

But, since the second week of July, the violation of existing national laws including human rights and international humanitarian law has become critical after the civilians also joined the violence in the name of protesting the Maoists. The concept of bringing people in the forefront to fulfill the state's responsibility of maintaining peace and security is certainly inviting civil war in the country. In this context, it is important that the Maoists also should not repeat any act to trouble the citizens and should abide by their commitments. Now, the central leadership of the Maoists, considering the bitter experiences of the past where weaknesses of the Maoist activists have led to very tragic outcomes, must express their commitment carry their atrocities in retaliation on the people of the areas (in both the districts). In the recent incidents, locals have been involved in killings by taking law in their hands. Therefore, there is need of immediate investigation on the recent incidents and bring the perpetrators before justice.

The aggressive mobs lashed with weapons are still escorting the area in retaliation. Thus to check further violence, the government should immediately unarm them and manage necessary security arrangements.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 12 August 2005**

## पृष्ठभूमि

नेपालको राजधानी काठमाडौंसँग जोडिएका धादिङ र मकवानपुर जिल्लामा माओवादी र स्थानीय गाउँलेबीचको द्वन्द्वले हिंसात्मक रूप लिएपछि विभिन्न स्थानमा नेकपा (माओवादी)का कार्यकार्ताहरू मारिए। स्थानीय जनता तथा माओवादी दुबै तर्फबाट थप हिंसा बढ्दै जान थालेको जानकारी विभिन्न क्षेत्रबाट आएपछि घटनाक्रमका सम्बन्धमा सत्य-तथ्य पत्ता लगाउन काठमाडौंबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को टोलीले घटनास्थल पुगी स्थलगत अध्ययन गऱ्यो। टोली २०६२ साउन १४ गते घटनास्थलतर्फ प्रस्थान गरेको थियो। टोलीले २०६२ साउन १४ गतेदेखि १९ गतेसम्म घटनाको स्थलगत अध्ययन र विवरण लिने कार्य गरेको थियो। घटना अध्ययनको क्रममा टोलीले प्रतिकारमा उत्रिएका स्थानीयबासिन्दा, माओवादीद्वारा कुटपीट गरिएका घाइते, घाइतेका परिवार, घटनाका प्रत्यक्षदर्शी, तथा आफन्तहरू, प्रतिकारमा उत्रिएका गाउँलेको कब्जामा रहेका माओवादी भनिएका व्यक्तिहरू, प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय मानवअधिकार संघ संस्थाका प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा छलफल तथा सोधपुछ गरेको थियो।

## तथ्य संकलनको उद्देश्य

१. घटनाका सम्बन्धमा सत्य-तथ्य पत्ता लगाउने,
२. घटनाको सत्य-तथ्य सहितको प्रतिवेदन तयार गर्ने।

## तथ्य संकलन पद्धति

१. घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन गर्ने
२. घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन गर्ने
३. घटनास्थलको अवलोकन गर्ने
४. प्रतिकारमा उत्रिएका, माआवादीले कुटपीट गरेका घाइते, घटनाका प्रत्यक्षदर्शी, प्रतिकारमा उत्रिएका गाउँलेको कब्जामा रहेका माओवादी भनिएका व्यक्तिसँग भेट गरी घटनाको विवरण संकलन गर्ने
५. सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय नागरिक समाज र मानवअधिकारकर्मीहरू तथा अन्य सम्बन्धित निकाय र व्यक्तिसँग घटनाका सम्बन्धमा छलफल गरी घटनाको विवरण संकलन गर्ने।

## तथ्य संकलन टोलीको वनौट

| | | |
|---|---|---|
| १. | लुमासिं विश्वकर्मा | इन्सेक, काठमाडौं |
| २. | बद्रिप्रसाद शिवाकोटी | इन्हुरेड/हिमराईट्स, काठमाडौं |
| ३. | शशिचन्द्र पोखरेल | कोक्याप, काठमाडौं |
| ४. | टिकाराम पोखरेल | सिभिक्ट, काठमाडौं |
| ५. | भोजराज अधिकारी | मानवअधिकार एलाइन्स, काठमाडौं |
| ६. | प्रेरणा बम्जन | आर.आर.एन., काठमाडौं |
| ७. | नवीन श्रेष्ठ | एफ.डब्लु.एल.डी., काठमाडौं |
| ८. | सिताराम अधिकारी | इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि, धादिङ |
| ९. | नवराज छत्कुली | रिलेक, धादिङ |
| १०. | राजेन्द्र बस्नेत | स्थानीय पत्रकार |
| ११. | केशव अधिकारी | स्वयम नेपाल, धादिङ |
| १२. | विश्वराज अधिकारी | नेपाल वार एसोसिएसन, धादिङ |
| १३. | फणिन्द्र सिलवाल | रिलेक, धादिङ |
| १४. | गोपाल लम्साल | गैर सरकारी संस्था महासंघ, धादिङ |
| १५. | सुदिप अधिकारी | स्थानीय पत्रकार |

**घटनाक्रमको संक्षिप्त विवरण**

१.

**घटना मितिः** २०६२ साउन ५ गते
**घटना समयः** दिउँसो करिब १ बजे
**घटनास्थलः** धादिङ किरान्चोक गाविस वडा नं. २ सल्ले
**पीडकः** प्रतिकारमा उत्रिएका गाउँले
**पीडितः** किशोरजंग बस्नेत "हिमाल" अं. २५ वर्ष, धादिङ भुमेस्थान -२

२.

**घटना मितिः** २०६२ साउन ६ गते
**घटना समयः** दिउँसो
**घटनास्थलः** धादिङ महादेवस्थान गाविस वडा नं. ६ सुन्दरनागी
**पीडकः** प्रतिकारमा उत्रिएका गाउँले
**पीडितः** राम कुमार बराल "कलम" किरानचोक -१ र कमल ढकाल "कमल"

३.

**घटना मितिः** २०६२ साउन ८ गते
**घटना समयः** साँझ करिब ६:३० बजे
**घटनास्थलः** मकवानपुर आग्रा गाविस वडा नं. १ दामगडे र भकुण्डेबास
**पीडकः** प्रतिकारमा उत्रिएका गाउँले
**पीडितः** सावित्री घिमीरे "सामना" र रामजी वाग्ले

४.

**घटना मितिः** २०६२ असार १६ गते देखि २९ गतेसम्म
**घटनास्थलः** मकवानपुर र धादिङका विभिन्न गाविस
**पीडकः** नेकपा (माओवादी) का कार्यकर्ता
**पीडितः** स्थानीय जनता

**घटना विवरण**

प्रभावित क्षेत्रहरूमा माओवादी गतिविधिका शुरूवातका दिनमा स्थानीय बासिन्दा, उनीहरूलाई सहयोग गर्दै आएको बताउँछन्। तर पछिल्लो समयमा स्थानीय बासिन्दा र माओवादीहरूबीच द्वन्द्व बढ्दै गएको देखिन्छ। माओवादीले स्थानीय बासिन्दालाई कुटपीट गर्ने, धम्की दिने, जवरजस्ती भारी बोक्न लगाउने जस्ता कार्यहरू गरेका थिए। त्यसक्रममा माओवादी कार्यकर्ताहरूद्वारा स्थानीय बासिन्दालाई रीति रिवाज अनुसारको चाडपर्व मान्न नदिएको मात्र होइन, माईती, मावली वा गाउँ बाहिर जान समेत रोक लगाउने गरेको बताइन्छ। माओवादीहरूद्वारा तोकिएको क्षेत्रफलमा मात्र सीमित रही खेती गर्न दिने, भैंसी, राँगा, खसी, बोका, कुखुरा बेच्दा उनीहरूलाई कर तिर्नु पर्ने लगायत्का शर्त बन्देजहरू लगाइएको समेत गाउँलेले बताए। माओवादीहरूले उनीहरूद्वारा तय गरिएका शर्त बन्देजहरू नमानेमा कुटपीट गर्ने तथा हातखुट्टा काटिदिने धम्की दिदैं आएका रहेछन्। धादिङको दक्षिण भेगका क्षेत्रहरू र मकवानपुरको उत्तर क्षेत्रका स्थानहरूमा उत्पादन हुने गाँजामा माओवादीले कर लगाउन शुरू गरेका थिए। तर सबैतिरबाट त्यस कार्यको व्यापक आलोचना भयो। त्यसपछि माआवादीद्वारा गाँजा मास्ने अभियान शुरू गरियो। २०६२ असार १६ र १७ गते उनीहरूले त्यही सन्दर्भमा स्थानीयबासीहरूलाई कुटपीट समेत गरे। उनीहरूले असार २९ गते साउने संक्रान्ति पर्व एक दिन भन्दा बढी मान्न नपाइने नियमको घोषणा गरे। उनीहरूले नियम उल्लंघन गरिएमा हातखुट्टा काट्ने चेतावनी समेत दिए। तर माओवादीको त्यो चेतवनीले स्थानीय बासिन्दाको विद्रोहको ज्वालामुखी फुटाउने वातावरण तयार गर्‍यो। साउन २ गतेदेखि उनीहरू माओवादी विरूद्ध हिंसात्मक रूपमा प्रतिकारमा उत्रिए। त्यसक्रममा उनीहरू माओवादी कार्यकर्ताहरूलाई खोज्दै कुटपीट गर्न थाले। त्यस खोजीका क्रममा पाँच जनाको कुटपीटबाटै मृत्यु हुन गयो। २०६२ साउन ५ गते किरानचोक गाविसको वडा नं. २ सल्लेमा हिमाल उपनाम गरेका किशोरजंग बस्नेत, ६ गते महादेवस्थान गाविस वडा नं. ६ सुन्दरनागीमा राम कुमार बराल "कलम" र कमल ढकाल

"कमल" तथा ८ गते मकवानपुर आग्रा गाविसको वडा नं. १ दामगडे र भकुण्डेबासमा सावित्री घिमीरे "सामना" र रामजी वाग्लेको हत्या गरिएको पाइयो। साउन ७ गते महादेवस्थान गाविस वडा नं. ५ मा पर्ने बोल्नेलेकस्थित माओवादीको सञ्चार सहितको आश्रयस्थलमा प्रतिकारमा उत्रिएका स्थानीय बासिन्दाद्वारा आक्रमण गरियो। प्रतिकारमा उत्रिएका स्थानीय बासिन्दाले कब्जा गरिएका आठ जना मध्ये चार जनालाई सुरक्षाफौजको जिम्मा लगाए। चार जना उनीहरूकै कब्जामा रहेका छन्।

प्रतिकारमा उत्रिएका स्थानीय बासिन्दाले गाउँका प्रत्येक घरबाट प्रतिकारमा हिंड्नै पर्ने भनी नियम जारी गरेका छन्। प्रतिकारमा नहिंडे माओवादीको आरोप लगाई कारवाही गरिने चेतावनी समेत दिइएको पाइयो।

प्रतिकारमा उत्रेका स्थानीय बासिन्दाले लाठी, खुकुरी, हसिँया, खुर्पा, कत्ती, भाला, तरवार, खुँडा, भरूवा बन्दुक समेतका हतियारहरू बोकेको देखिन्छ। उनीहरूले आफ्नो क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेका छन्। ठाउँ ठाउँमा उनीहरूका सशस्त्र सेन्ट्री बस्ने गरेका छन्। स्थानीय बासिन्दाको प्रतिकार अभियान अहिले जारी छ। उनीहरूको अभियानको क्षेत्र बढाउँदै लगेको पाइन्छ। त्यो क्षेत्रमा उनीहरूले अनुमति दिएका बाहेक अरू कोही पनि प्रवेश गर्न सक्ने अवस्था छैन्।

## घटनासँग सम्बन्धित व्यक्ति तथा प्रत्यक्षदर्शीको भनाइ

**प्रत्यक्षदर्शी**

किरानचोक

माओवादीहरू २-३ वर्ष अगाडिदेखि आउने बस्ने खाने गर्दथे। खानाका लागि खोले मात्रै भए पनि दिनुस् नभए नुनपानी मात्र भए पनि दिनुस् भन्थे। पछि खाना पकाउन लगाउन थाले। बैंकको ऋण तिर्नु पर्दैन नतिर्नुस् भने। जग्गा बेच्न पाइदैन भने। बेंसीमा धान, चामल संकलन गर्ने र किरानचोक गाविसका वडा नं. ४, ५, ६ लगायत् ठाउँका मानिसहरूलाई बेंसीबाट उक्त धान चामल बोक्न लगाई बोल्नेलेकको डाँडासम्म पुऱ्याउन लगाउँथे। डाँडाकाले त्यहाँबाट उनीहरूले भनेका ठाउँसम्म पुऱ्याउन लगाउँथे। उनीहरूले बेंसीमा हालै एक ठाउँमा ३ मुरी र अर्को ठाउँमा ६ मुरी धान संकलन गरेका थिए रे। आलु १ गराभन्दा बढी लगाउन नपाउने, एक हल गोरूले जोत्नेभन्दा बढी खेती



**मकैसँगै रहेको गाँजा**

लगाउन नपाइने, एक ठाउँभन्दा अन्यत्र पनि जग्गा भए एक ठाउँको मात्र प्रयोग गर्न पाउने र बाँकी बाँझो राख्नु पर्ने भन्दै आएका थिए। बोका बेचे रू ५०/-, कुखुरा बेचे रू ५/- भैंसी, राँगा बेचे रू ५०/- कर उनीहरूलाई बुझाउनु पर्ने भन्थे र लैजान्थे। संक्रान्ति एक दिन मात्र मान्नुपर्ने, संक्रान्तिमा ससुराली जान नपाउने र चेलीबेटी पनि माइतिमा आउन नपाउने भनेका थिए। ०६२ असार २९ गते आएर फेरी पनि त्यसो भने। भनेको नमाने हातखुट्टा काटिदिन्छौं भने। उनीहरूले त्यसो भन्दै वडा नं. ६ मा ४ जना बास बसेछन्। साउन १ गते संक्रान्तिका दिन पनि त्यसो भन्न आएछन्। संक्रान्तिको भोलिपल्ट २ गते बिहान ४ बजे वडा नं. ५ र ६ का गरी ९/१० जना हामी वडा नं. ५ को तीनघरेमा माओवादीले दिएको धम्कीका सम्बन्धमा छलफल गर्न जम्मा भयौं। माओवादी बास बसेको ठाउँमा सो सम्बन्धमा छलफल गर्न जाँदा उनीहरू भागी सकेका रहेछन्।

माओवादीले महादेवस्थान गाविस-९ ब्रुम्दीमा ३ दिनको सुत्केरीलाई समेट कुटपीट गरेका थिए। माओवादीले सुत्केरीलाई उनको पति कहाँ गएको भनी सोध्दा घरमा नभएको जानकारी गराउँदा गाली गर्दै खाना पकाउन भनेछन्। ३ दिनको सुत्केरी मैले खाना पकाउन सक्दिन भनेपछि हामी ज्ञानेन्द्रका सेना विरूद्ध लडिरहेका हामीहरूले खान नपाउने तिमीहरूले मासु भात खाएर घरमा बस्ने भन्दै कुटपीट गरेछन्।

साउन २ गते बिहान माओवादीसँग छलफल गर्न जाँदा उनीहरू भागी सकेका थिए। त्यसपछि हामीले केही नगरे हाम्रो ज्यान बच्दैन भनी सबै गाउँलेलाई खबर गरी हामी प्रतिकारमा उत्रिएका हौं। हिमाल नाम गरेको माओवादी कार्यकर्ता महादेवस्थान गाविसको जरूङमा ७ जना गाउँलेलाई कुटपीट गरी किरानचोक गाविसको बेंसीतिर आएका रहेछन। त्यहाँ उनले संकलन गरेको चामल बोकेर जान नमान्ने जनतालाई हातखुट्टा काटिदिन्छु भनेछन्। त्यही कारण विवाद बढ्दै गएपछि पाँच जनाले उनलाई समातेर मारेका हुन्।

माओवादीद्वारा संकलित चामल हामीले नखाने भनेका छौं। सेनाले भनेको थियो "तपाईहरू चामल बाँड्ने खाने जे गर्ने गर्नुहोला। माओवादीसँग कब्जा गरेको सामान तपाईहरूलाई चाहिन्छ भने राख्नुस्।" हामीले बोल्नेको लेकमा माओवादीले कब्जा गरेको त्रिपाल, कम्बल, ज्याकेट, थालआदि सामान सेना गएपछि जलायौं।

अहिलेसम्म हामीबाट मारिएका माओवादीहरू जम्मा पाँच जना हुन्। साउन ५ गने किरानचोकको सल्लेमा हिमाल नाम गरेको एकजना, ६ गते महादेवस्थामा २ जना, ८ गते मकवानपुरको आग्राको दामगडेमा १ जना पुरूष र २७/२८ वर्षको एक महिला मारिएका छन्। आग्रामा जनतामाथि मकैबारीबाट २ वटा सकेट बम प्रहार गरी आक्रमण गरिएपछि उनीहरूलाई ढुंगा, खुकुरी, मुढा, खुँडा, भालासमेत प्रहार गरी मारिएको हो। हामीले ती महिलाको झोला पनि फेला पारेका थियौं। झोलामा सैनिक ड्रेस, झण्डा, कागजातहरू, एउटा रेडियो र रू २५५/- थियो। सेनालाई बुझाउनु भनी छाडेर आएका हौं।

हाम्रो कब्जामा रहेको माओवादी ठाकुरसिंह मोक्तानको घर खान तलास गर्दा सेनाले एउटा भरूवा बन्दुक फेला पारी लगेको हो। बुद्धिमान तामाङ भन्ने माओवादीलाई संक्रान्ति मान्न आएको बेला कब्जा गरेका हौं।

**प्रत्यक्षदर्शी**

आग्रा गाविस-१ को दामगडेमा साउन ८ गते बेलुका ६ बजेतिर यहाँको इलाका नं. ३ सहायक कमाण्डर सामनालाई र अर्को सामान्य माओवादी कार्यकर्ता मारिएका हुन्। सामना र अरू करिब ८/९ जना माओवादी दामगडेतिर आउँदै गर्दा गैरीगाउँभन्दा माथि दामगडेको बीच भागतिर जनताले उनीहरूलाई घेरा हाले। त्यसपछि अरू माओवादी भागे तर सामना चाहिँ बाटो माथिको मकै बारीतिर चढेर सकेट वम हान्दै गर्दा पक्राउ परिन। त्यसपछि उनलाई पक्रिएर बाटोमा ल्याइ मारिएको हो।

**चन्द्रबहादुर तामाङ**

किरानचोक-२, सल्ले

माओवादीको इलाका इन्चार्ज हिमाललाई यही सल्लेमै नै लेकबाट आएका तामाङहरूले समातेका हुन्। हिमाललाई रामबहादुरको घरबाट पक्रेर माथितिर लैजाँदै गरेको मैले देखेको थिएँ। माथि लेकमा आउने गाँजा ओसार पोसार गर्नेहरूको हतियार पहिला-पहिला माओवादीले लगेका थिए। पछि सेनाले समेत लगे। अहिलेको घटनामा समेत हतियार बोकेर हिँडेका छन्।

**सुन बहादुर तामाङ**

महादेवस्थान-९, ब्रुम्दी

माओवादी "जनयुद्ध" शुरू हुँदादेखि हाम्रै मुक्तिको लागि भनेर उनीहरूले फकाए। हामीले पनि पत्यायौं। शुरूशुरूमा आउँदा जे दिनु हुन्छ त्यहि खान्छौ। नभए खोले त्यो पनि नभए नुनपानी भए पनि दिनुस् भन्थे। तर

पछि-पछि घरघरमा आएर धम्की दिने, लुटपाट गर्ने गर्न थाले। पकाएको खाना खान पनि नपाउने, खेती गर्न नपाउने समेत भएपछि किरानचोकबाट प्रतिकारमा जनता उत्रिए। उहाँहरूले हामीलाई पनि लागौं भन्नुभयो। हामी पनि अब यसरी मुक्ति हुँदैन भनेर हामी पनि लाग्यौं। पहिलेदेखि नै मकवानपुरमा पनि के गर्ने हो भन्ने सल्लाह भइरहेको थियो।

म फोटोग्राफी पनि गर्छु। प्रतिकार शुरू हुँदा म धादिङबेंसीमै थिएँ। साउन ८ गते ससुराली र ९ गते घर आइपुग्दा साथीहरूले लौ हिंड्नु पर्छ भन्नुभयो र सँगै हिँडिरहेको छु।

यसबीचमा ३,४,५,६ र ७ गते पनि प्रतिकार अगाडि बढिरह्यो। ठाकुरसिंह तामाङलाई साउन २ गते र सन्जीवलाई ७ गते नियन्त्रणमा लिइएको रहेछ। हामी गाविस-गाविसमा उत्रेर माओवादीको मुक्ति झुट्ठो हो भनेर अघि बढिरहेका छौं। आज पिंडा र भोलि महोदवस्थान जान सक्छौं। तर, हामी सकेसम्म मान्छे मार्दैनौं, कब्जामा लिन्छौं। हामीले समात्न खोज्दा बम हाने भने त भन्न सकिँदैन। सबै ठाउँमा क्याम्प राख्न खासै सम्भव हुँदैन। अहिलेसम्म धादिङका- बैरेनी, महादेवस्थान, किरान्चोक, भूमिस्थान, बेनीघाट, पिडा र गजुरी तथा मकवानपुरमा- आग्रा, गोगने, डाँडाखर्क, मार्ता, खैराङ, सरीखेत र नामटार गाविसका जनता प्रतिकारमा उत्रिएका छन्।

**लुंकु लामा**

महादेवस्थान

शुरूवातका दिनमा माओवादीलाई हामीले धेरै सहयोग पनि गऱ्यौं। शुरूमा उनीहरूका मीठा कुरा सुनेर हामीले धेरै विश्वास गऱ्यौं। कति पटक सुरक्षाफौज आउँदा लुकाएर राख्यौं। तर गत असारदेखि उनीहरूले हामीलाई धम्क्याउने, जबर्जस्ती गर्ने गरेका छन्। माओवादी अहिले कालो अरिंगाल जस्तो भएका छन्। खासगरी असार १५/१६ गतेदेखि माओवादीले हामीलाई यस्तो अत्याचार गर्न थालेका हुन्।

**प्रत्यक्षदर्शी**

किरानचोक-२ सल्लेडाँडा

हिमाल भन्ने व्यक्ति साउन ५ गते किरानचोकको बेंसीका गाउँ घुम्दै सल्लेडाँडा भन्ने ठाउँमा आइपुगेको थियो। यहाँ आएपछि १२ बजेतिर खाजा खाइरहेको अवस्थामा किरानचोक कै वडा नं. ४, ५ र ६ तिरबाट करिब २०० जना आइपुगे। हिमालसँग उक्त व्यक्तिहरूको त्यहीं भेट भयो। हिमालले सधैं झैं तपाईहरू कता ? भनेर सोधे। हामी चामल बोक्न आएको, चामल कहाँ छ ? भनेर एउटा गाउँलेले भन्यो। त्यसपछि हिमालले रिसाएर चामल लिन किन ढिलो आएको त भने। भीडबाट एकजनाले हामी तेरो चामल बोक्न आएका होइनौं। तेरो चामल हामीलाई एक-एक मुठी पनि पुग्दैन भन्यो र उनीहरूले हिमाललाई समात्न खोजे। हिमालले करिब १० जनालाई पन्छाएर अघि जान खोजेका थिए। एकजनाले रडले हानेर उसलाई ढलायो। ऊ बेहोस भएर ढलेपछि गाउँलेहरूले उसलाई किरानचोक गाविस-६ को अल्छीढुंगा भन्ने ठाउँसम्म पालैपालो पिट्दै र घिसार्दै लगे। उसले पानी खान्छु भनेपछि एकजनाले त्यहाँ स्थित धाराबाट प्लाष्टिकमा पानी थापेर खुवायो। त्यसपछि त्यहींको केही समथर जमीनमा उसलाई सबैले पालैपालो लट्ठी, खुकुरी,



**गाउँलेले कब्जा गरेको माओवादीका सञ्चारसेट लगायतका सामान**

भालाले प्रहार गरे। अन्तमा भीडकै एकजनाले खुकुरी हान्दा उसको भूँडी फुटेछ। असह्य भएर हिमालले मलाई मारिदेउ भन्दा एकजनाले उसको घाँटी खुकुरीले काटेको रहेछ। त्यसपछि उसलाई त्यही अल्छीढुंगाको आसपासतिर जमीनमा गाडियो।

**प्रत्यक्षदर्शी**

किरानचोक

माओवादीले हामीलाई धेरै दु:ख दिएका छन्। हामीले चाहे जति खेती गर्न नपाइने, चाडबाड मान्न नपाइने जस्ता बन्देज लगाएका छन्। उनीहरूले भनेको नमाने हाम्रो हातखुट्टा काट्ने धम्की दिएका थिए। उनीहरूले मकै, कोदो एक हलको मेला अर्थात एक हल गोरूले जोत्ने ठाउँमा मात्र सीमित रही खेती गर्न पाइने घोषणा गरेका थिए। तरकारी, आलु, पिडालु एक पाटा मात्र लगाउनु पर्ने र यसभन्दा बढी लगाएमा कारवाही गरिने नियम माओवादीले बनाएका थिए। भैंसी, रागाँ, गोरू, बोका, बाख्रा बेच्दा प्रत्येकको रू ५०/- र कुखुरा बेच्दा रू ५/- कर तिर्नुपर्थ्यो। एकातिर धेरै खेती गर्न पनि नदिने अर्कोतिर अन्नपात पनि पटक-पटक आएर खाई दिने, गर्दा अरू कमाइ नभएका हामी कसरी बाँच्ने भन्ने अवस्था आएको थियो। माओवादीले जवर्जस्ती चन्दा उठाएको धान र चामल बोक्दा-बोक्दा हामी हैरान भइसकेका थियौं। उनीहरूको नियममा संक्रान्ति एक दिन मात्र मान्नुपर्ने, ससुराली, माइती, मावली जान पाइँदैनथ्यो। माओवादीको यस्तो अन्याय, अत्याचार बढेकोले हामी सहन नसकेर प्रतिकारमा उठेका हौं। यस्तो स्थितिमा माओवादीबाट मर्नुभन्दा प्रतिकार गर्नु ठीक हो भन्ने सल्लाह गरेर हामी प्रतिकारमा हिंडेका हौं।

**प्रत्यक्षदर्शी**

किरानचोक गाविस-५, तिनघरे

किरानचोक गाविस-२ को सल्ले भन्ज्याङमा हिमाल भन्ने माओवादी एउटा घरमा बसेको रहेछ। गाउँलेहरूले समातेर कुरा गर्न खोज्दा मानेन्। त्यसपछि एकजनाले त्यही लट्ठीले हाने र भाला रोपे तैपनि ऊ भाग्दै गयो। त्यसपछि गाउँलेहरूले तलमाथि दुवैतिरबाट घेरा हालेर खेद्न थाल्यौं। ऊ बाटो छाडेर जंगलतिर भाग्दै गर्दा एक जनाले भरूवा बन्दुकले हान्दा लागेर ऊ त्यही ढल्यो। त्यसपछि भाला र खुकुरीले हानेर मारेर त्यही जंगलको एउटा खोल्सामा छाड्यौं। एक दुई दिनपछि लास पुरी दियौं। तपाईहरूलाई गाउँलेको सल्लाह भएकोले नदेखाएको हो। सुन्दरनागीमा ६ गते कमल ढकाल र कमल बराललाई मकैबारीमा छेकेर भरूवा बन्दूक हानेर मारिएको हो। उनीहरूले पेस्तोलको गोली चलाउन खोजेका थिए तर पड्केन। त्यसपछि हाम्रो गोली लागेर उनीहरू लडे। त्यहाँ मकैबारी थियो। त्यहीं सबैले ढुंगा खुकुरी र लट्ठी हानेर मार्‍यौं।

**प्रत्यक्षदर्शी**

किरानचोक

माओवादीहरू पहिलेदेखि आउने बस्ने खाने गर्दथे। उनीहरूले जबरजस्ती भारी बोक्न लगाउने, कुटपिट गर्ने, बढी उत्पादन गरेको बाली लैजाने, आफ्नो सबै जग्गामा बाली लगाउन नदिने, बुढाबुढीसमेतलाई कुटपिट गर्ने लगायतका जनतालाई दु:ख दिने कार्य गरे। खसी, बोका, कुखुरा बेच्दा समेत कर लगाउने काम गरे। ०६२ साउन १६/१७ गते तिर आएर बेंसीबाट धान चामल बोक्न जानु पर्दछ। नत्र हातखुट्टा काटी दिन्छौं भनेका थिए। पेटारे, तिनघरेका जनतालाई कुटपीट समेत गरेका थिए। असार २९ गते फेरी आएर संक्रान्ति एक दिनभन्दा बढी मान्न पाउँदैनौं। एकदिन भन्दा बढी मानेको देख्यौं, थाहा पायौं भने हातखुट्टा काटी दिन्छौं भने। त्यसरी हातखुट्टा काट्ने भनेको हुनाले हामीहरू उनीहरू विरूद्ध केही गर्नु पर्दछ भनी गाउँलेहरू मिली सल्लाह गर्‍यौं। ०६२ साउन २ गतेबाट हामी प्रतिकारमा उत्रियौं। ५ गते हिमाल भन्ने माओवादीलाई किरान्चोक गाविस वडा नं. २ सल्लेमा मार्‍यौं। ६ गते ठाकुरसिंह मोक्तान भन्ने माओवादीलाई कब्जामा लियौं। ७ गते सुन्दरनागीको जंगलमा २ जना माओवादी मारिए। साउन ८ गते मकवानपुरको आग्रामा २ जना मार्‍यौं। उनीहरूले आग्राको दामगडेमा मकैबारीबाट जनतामाथि सकेट बम प्रहार गरे तर लागेन। लाठी, खुकुरी, भालासमेत प्रहार गरी मार्‍यौं। अहिले हामीले धादिङ र मकवानपुरका यस क्षेत्रका गाविसहरूका केही ठाउँहरू मात्र कब्जा गर्न बाँकी छन्। हामीहरू सबै माओवादी विरूद्ध गाउँ-गाउँबाट उत्रेका छौं। प्रत्येक क्षेत्रमा हाम्रो सेन्ट्री छ। हामी आफैले आफ्नो सुरक्षा गरिरहेका छौं। माओवादी विरूद्धको यो प्रतिकारमा सबैलाई सामेल गराउन आव्हान गरेका छौं। माओवादीले हामीमाथि आक्रमण नगरे पक्राउ गरी हामीसँग राख्छौं। उनीहरू हामीसँगै यो अभियानमा हिंड्न चाहे हिडाउँछौं। माओवादीलाई हामी जनताले भेट्दा हात उठाएर जनतासँग हिंड्न चाहे हामीसँगै लैजान्छौं तर आक्रमण वा भाग्न खोजे हामी छोड्दैनौं।

**सञ्जय तामाङ**
शिक्षक, रिट्ठाबोटे प्रा वि
किरानचोक-२ मज्वा, धादिङ

म नाकछेडा सामुदायिक वन उपभोक्ता समूह किरानचोक-२ सिउडिनीको सचिव पनि भएकाले उपभोक्ता समूहको कार्यक्रम ०६१ कार्तिकमा गरी रहेका थियौं। हिमाल नाम गरेको माओवादीसमेतका १५-१६ जना माओवादी आई कार्यक्रम गर्न कस्ले अनुमति दियो भन्दै कार्यक्रम बन्द गर्न भने। त्यही कार्यक्रममा उनीहरूले आफ्नो पार्टीको बारेमा बोलेका थिए। माओवादीका ज्याती विरूद्ध उत्रेका किरानचोक गाविस-५ र ६ तथा मकवानपुरबाट आएका ३ समूहले हिमाल भन्नेलाई समातेर लगि मारेको भन्ने साउन ६ गते सुनेको हुँ। माओवादीले जनतालाई काम अह्राउँदा नमानेपछि हातखुट्टा काटिदिन्छु भनेका कारण प्रतिकारमा उत्री मारेका हुन्। माओवादीले सुत्केरीको खानेकुरा लगीदिने, कुखुरा खाइदिने, जबरजस्ती उनीहरूले भनेको काम गरी दिनुपर्ने लयायतका दुःख खप्न नसकी जनता प्रतिकारमा उत्रिएका हुन्। प्रतिकार समूहको साउन ९ गते रिट्ठाबोटे प्रावि किरानचोक मज्वामा बैठक बसी १० गते त्यहाँबाट हिँडेको हो। बैठकमा सबै गाउँले माओवादी विरूद्ध एकजुट हुनु पर्दछ, नचिनेको मान्छेलाई पस्न दिनु हुँदैन। कसैको पाहुना आए पनि जसको पाहुना हो ऊसँग जानकारी लिएर मात्र पस्न दिने अन्यथा समाउने। त्यसरी बाहिरको नचिनेको मानिस पस्न नदिन र समाउन एक गाउँले अर्को गाउँलाई सहयोग गर्ने भनी छलफल तथा निर्णय भएको थियो।

**प्रत्यक्षदर्शी**

हिमाललाई पहिलादेखि नै खोजी गरिरहेका थियौं। पाँच गते बेंसीबाट लेकतिर आउँदै छ भन्ने थाहा पाएपछि हामी सय जना जति जम्मा भयौं। दिउँसो एक बजेतिर ऊ किरान्चोक गाविस-२ सल्ले भञ्ज्याङ्को रामबहादुर तामाङको घरमा खाजा खान बसेको रहेछ। हामीले त्यो ठाउँलाई घेरा हालेर १५/२० जना ऊ भएको ठाउँमा गयौं। उसले किन आएको भन्यो। ठाकुर तामाङले चामल लिन पठाएको भन्यौं। यतिधेरै जना किन आएको भन्दा चामल धेरै होला भनेर आएको भन्यौं। उसले फेरी लाठी किन बोकेर आएको भन्यो। हामीले चिप्लिन्छ भनेर भनेपछि- हामीलाई



**सावित्री घिमिरे (सामना) को हत्या गरी गाडिएको स्थल**

हप्काउन थाल्यो। त्यसपछि हामीले तेरो बाँच्ने यति हो भनेर लाठीले हान्दै एक घण्टा माथि जंगलमा पुऱ्याएर भाला, खुकरीले हानेर माऱ्यौं।

**दत्तप्रसाद न्यौपाने**

किरान्चोक गाविस-२, मज्वा

लेकका मान्छेहरू प्रतिकारमा निस्के भनेर मैले २ गते थाहा पाएको हुँ। साउन ५ गते २५-३० जना मानिसहरू लाठी लिएर हाम्रो गाउँमा घुम्न आएका थिए। उनीहरूले म सँग हिमाल भन्ने मान्छे कता छ होला भनेर सोधे। मैले थाहा छैन भनेपछि उनीहरू गए। दिउँसो बाह्र बजेतिर हिमाल मारियो भन्ने सुनें। हिमालको वास्तविक नाम किशोरजंग बस्नेत हो, तर उसलाई सुदीप पनि भनेर बोलाउँथे।

**प्रत्यक्षदर्शी**

हामी युद्धको लागि होइन, शान्तिको लागि हिँडेका हौं। पहिला-पहिला पनि माओवादी गाउँमा आउँथे। तर पछि-पछि हामी माथि अत्याचार गर्न थाले। माओवादीहरूले मेरी आमा फूलकुमारी घले लगायत् गाउँका पाँचजनालाई मार्ने भनेर लिस्ट बनाएका रहेछन्। साउन ६ गते आमालाई खोज्दै आएछन्। दिउँसो १ बजेको समयमा बाखा फुकाएर लैजाँदै गर्दा उनीहरूले भेटाएर त बुढी बाखा फर्काएर घर हिंड भने पछि किन लैजाने भन्ने बित्तिकै तीन जनाले लाठीले कुटपीट गरेछन्। घरमा गए थप कुटपीट गर्छन भनी बाखा लिएर वनवनै जानु भए छ। ४ बजे तिर आएर कुटपीट गरेको आमाले भन्नुभयो। त्यो समेत थाहा पाएपछि हामीहरू एकजुट हुनु पर्दछ भनी हामी प्रतिकारमा उत्रिएका हौं। हामी ६ गतेदेखि नै प्रतिकारमा उत्रेका हौं। हामीलाई यिनीहरूले मार्छन् भने हामी के गर्ने त भनेर प्रतिकारमा लागेका हौं।

म यस अघि निर्माणाधीन डाँडाबास-डाँडाखर्क-खैराङ सडकको उपभोक्ता समितिको कोषाध्यक्ष थिएँ। माओवादीले मलाई जिविसबाट ल्याएको पैसा सबै उनीहरूलाई दिनुपर्छ भनेका थिए। खर्च भएको विल देखाएर पनि नहुने, सबै पैसा उनैलाई दिनुपर्ने। हाम्रो उपभोक्ता समितिको अध्यक्ष डम्बरसिंह लामालाई पनि २०६२ जेठ २५/२६ गतेतिर घरबाट अपहरण गरेर लगि कुटपीट गरे। मलाई पनि पैसा नबुझाए मार्छु भनेका थिए।

गोगने-९ का रामकुमार बरूवाल सेनामा जागिरे भएकोले उनको घर कब्जा गरी ताला लगाइदिएका थिए। पछि उनीहरूले त्यो घर आफ्नो अफिस बनाउन प्रयोग गरेका रहेछन्। अहिले प्रतिकारको अभियान शुरू भएपछि ताला फुटाइदिएका छौं।

हाम्रो प्रतिकारको शुरूवात ०६२ साउन ६ गतेबाट भएको हो। माओवादीले चरम यातना दिएकाले र हाम्रा विभिन्न कामहरूमा नियन्त्रण गरेपछि हामी बाध्य भएर ज्यान खतरामा पारेर पनि प्रतिकारमा लागेका हौं।

साउन ५ गते हिमाललाई धादिङकै समूहले किरान्चोकमा मारेको रहेछ। वास्तवमा ठूलो ठाउँमा यो अभियान फैलिएको र धेरै जनता लागेको हुनाले कुन समूह कहाँ पुगेर कसलाई माऱ्यो त्यो हामीलाई पनि थाहा हुन सकेको छैन। जहाँ जुन समूहले जसलाई भेट्यो त्यहीँ मारिएको छ। मकवानपुरको आग्रा गाविस वडा नं. १ दामगडे र भकुण्डेबासमा मिति २०६२ साउन ८ गते बेलुका ६:३० बजे तिर २ जना माओवादी मारिएका हुन्। मारिएकाको लास उक्त दिन गाड्न सकेनौं। भोलिपल्ट मात्र गाडेका हौं। मर्नेहरूमा एक जना ५५/६० वर्षको पुरूष र २५ वर्ष जतिको एक महिला माओवादीको इलाका नं. ३ को सहायक कमाण्डर सामना हुन्। सामनाले जनताको घेरा तोडेर भाग्नको लागि २ वटा ग्रिनेड हानेकी थिई तर त्यसबाट कुनैपनि मानवीय क्षति भएन।

यसरी हिंड्नु हाम्रो बाध्यता हो। हामीले युद्ध चाहेका छैनौं। यदि सरकार, मानवअधिकारकर्मीले हामीलाई नहेर्ने हो भने भोलि यी जनता जोसँग पनि लड्न सक्छन्। यदि शान्ति हुन्छ र आफ्नो अधिकार प्रयोग गर्न पाउने हो भने हामी एक पाइला पनि अगाडि बढ्दैनौं। सरकारले हामीलाई शान्ति दिनुपर्छ भन्ने माग राखेका छौं। तर युद्ध हाम्रो सिद्धान्त नभएकोले हतियार माग्ने कुरै आउँदैन।

रामप्रसाद वि.क. भन्ने व्यक्तिले मानबहादुर वि.क.लाई तैले कमाउने विष्टको वाली नकमाउनु, सबै छोड, नत्र खतरा हुनेछ भनेका रहेछन्। सो लेखेको पत्र समेत हामीले फेला पाऱ्यौं। २०६२ साउन १६ गते दिउँसो आग्रा गाविस वडा नं. ८ बारमुरेमा हामीले उनलाई कब्जामा लियौं, मारेनौं। सुधार गर्नका लागि जनतासँगै राखेका छौं। मकवानपुर जिल्लामा दुईजना मरेका छन्। हामीले कब्जामा लिएका मध्ये गोगने -९ पकनीका कृष्ण बहादुर श्रेष्ठ, प्रतिक उपनाम भएको गोगने -३ कटारेको मोक्तन, सोही ठाँउको कृष्णे भन्ने नाम थाहा नभएको मोक्तान, र ३५ वर्ष जतिको डाडाँखर्क कवसेरीको एक जना गरी चारजनालाई सुरक्षा निकायमा बुझाएका छौं। उनीहरूलाई ११ र १२ गते पक्राउ गरेका हौं।

**जित बहादुर तामाङ**
वर्ष ८५
किरान्चोक गाविस-६,पेटारे
*माओवादीले कुटपीट गर्ने धम्की दिएका पीडित*

माओवादीहरू पहिलेदेखि नै खाना मागेर खान्थे। केही समय अगाडिसम्म कुटपीट गरेका त थिएनन्। यही असार १६ गते दिउँसो १२ बजेतिर २ जना २५/३० वर्षका माओवादीलाई मेरो छोरा बुहारीलाई लाठीले कुटपीट गरे। जेठो छोरा टंकबहादुर तामाङ लडेर खुट्टामा चोट लागेकोले घरमै बसेको थियो। बुहारी घाँस काटेर भर्खर आइपुगेकी थिई। छोरालाई कुटपिट गर्दा मेरो विरामी लोग्नेलाई किन कुटपीट गर्नु हुन्छ भन्दा बुहारीलाई पनि कुटपीट गरे। साहिँली बुहारी अन्तरी तामाङलाई र नातिलाई पनि कुटपीट गरेका हुन्। माओवादीले बारीमा भएको यो गाँजा अहिलेसम्म पनि किन नफालेको भने। हामीले फाल्दै छौं भन्दा तीन दिन भित्र फालिसक्ने। नफाले हातखुट्टा काटि दिन्छौं भने। बुढाबुढी, केटाकेटी केही नभनी हातखुट्टा काटिदिन्छौं भने। मैले तीन दिनपछि किन आजै काट्नुस् भन्दै खुट्टा पसारिदिएँ। तर उनीहरू म बसेको खाट मुनी लौरो फालेर गए। माओवादीले हामीलाई ३/४ दिन अगाडिदेखि नै गाँजा काट्न भनेका थिए। माओवादीले शुरूमा यो गाँजा किन नफालेको भनेर सोधे। हामीले छरेको होइन आफै उब्जिएको हो भन्यौं। हाम्रो नुन तेलको बाटो यही हो।

**फुलमाया घले**
५५ वर्ष
गोगने-७, दुम्सिखर्क
*माओवादीको कुटपीटबाट पीडित*

साउन ६ गते १२ बजे दिउँसो बाखा चराउन जाँदा तीन जना माओवादी (१ पुरुष र २ महिला) भेटिए। उनीहरूले खाना पकाइदिनु भने। मैले, अहिले म बाखा चराउन आएकी छु, घरमा गएर भन्नुहोला त्यहाँ अरूले पकाई दिन्छन् भन्दा मानेनन् र कुट्न थाले। लौरोले तीन पटक जति ढाड, हात र खुट्टामा हिर्काए । तिनीहरू त्यसपछि घर आएछन्। उनीहरूले मलाई जिउँदै खाल्टोमा हाल्ने धम्की दिएछन्। म बेलुकी घरमा आउँदा कान्छी बुहारीले सो कुरा बताइन। पहिला पनि माओवादीहरू आउँथे र खाना दिनुस् भन्थे। त्यस दिनदेखि के हुने हो भन्ने डरले राम्ररी खाना खान पनि सकेकी छैन। रात परे पछि तिनीहरू आउँछन् कि भन्ने डर लागिरहन्छ। हामी बुढापाकाहरूले अहिले आक्रोसित युवाहरूलाई थम्थम्याउने प्रयास गर्छौं तर सक्दैनौं। हामीलाई अरू केही होइन, शान्ति चाहिन्छ।

**सानो घले**
फुलमायाको कान्छो छोरा
गोगने-७, दुम्सीखर्क

हाम्रो गाउँमा दुई तीन वर्षदेखि माओवादी आउन थालेका हुन्। शुरू शुरूमा त राम्रै गर्थे तर गएको ५-६ महिनादेखि ज्यादती गर्न थाले। उनीहरूको भारी बोकी दिनु पर्ने, खाना खान दिनु पर्ने, कुखुरा बाखाहरू दिनु पर्ने, कर तिर्नु पर्ने। खसी बोका बेचे रू २५ अनि राँगा भैसी बेचे रू ५०, एक हल भन्दा बढी खेती गर्न नपाइने नियम लगाएका थिए। गाउँमा बनाउँदै आएको बाटो पनि यही वर्षदेखि रोकिदिए। बाटो बन्यो भने हाम्रा सागसब्जीहरू बिक्री गर्न सकिन्थ्यो। हामीले जबरजस्ती उनीहरूले भनेका काम गरिदनु पर्ने, बंकरहरू खन्नु पर्ने, सेनालाई गाउँमा पस्न रोक्नु पर्ने, रूख काट्ने र घर बनाउन पनि सोध्नु पर्नेजस्ता अत्याचार गर्दै आएका छन्। हामीलाई शान्ति भइदिए अरू केही चाहिँदैन। माओवादीहरूलाई कारवाही हुनुपर्दछ।



**माओवादीद्वारा कुटपीट गरिएका बालक**

**शेरबहादुर तामाङ**
महादेवस्थान-६, सुन्दारनाँगी
*माओवादीको कुटपीटबाट पीडित*

मैले एउटा झुप्रो बनाउन आफ्नै बारीको काठ काट्दा किन काटिस्, कसलाई सोधेर काटेको भनेर पिटे। महादेवस्थानको वडा नं. ९ मा ३ दिनको सुत्केरी ठुलीमाया तामाङलाई समेत पिटेका छन्।

**जयबहादुर पाखिन**
किरानचोक-६, कुर्लिनडाँडा
*माओवादीको कुटपीटबाट पीडित*

उनीहरूले पैसा माग्छन् छैन् भन्दा चुट्छन्। हामी पैसा नहुने मान्छे, सय, पचास, दुईसय रूपैयाँ मागिरहन्छन्। दिएन भने बाटैमा चुट्छन्। गएको असार १८ गते बिहान दश बजेतिर म माथिल्लो पेटारेबाट फर्किंदै थिएँ। दुईजना आएर म सँग सय रूपैयाँ मागे। मैले छैन भनैं। त्यसपछि एक जनाले दुई मुड्की हिर्कायो। माओवादी आएर कहिले पैसा माग्छन्, कहिले खाना खाएर जान्छन्। हामीले केही भन्नै पाउँदैनौं। हामीहरूले उनीहरूलाई खाना दिनु र नदिनुमा हाम्रो केही लाग्दैन। हामीले केही कुरा भन्न समेत पाउँदैनौं। उनीहरूलाई मन लाग्यो भने पकाई राखेको खाना बोकेर हिंड्छन्। माओवादीले निकै दुःख दिएका छन्।

**अन्तरी तामाङ,**
वर्ष ४०
किराचोक-६, पेटारे
*माओवादीको कुटपीटबाट पीडित*

म गोठालो गएकी थिएँ। कतिजना आएका थिए भन्ने त थाहा भएन तर एक हुल केटाहरू आए थिए। उनीहरूमध्ये करिब ३० वर्ष जतिको एकजनाले मेरो देब्रे खुट्टाको तिघ्रामा लट्ठीले बेस्सरी हिर्कायो। उनीहरू को हुन् ? कहाँका हुन् र मलाई किन हिर्काए भन्ने कुरा केही थाहा छैन। केही भन्न/सोध्न सकिन। ती मान्छेहरूलाई मैले यस अघि कहिल्यै देखेकी थिइन। त्यो चोटले २ दिनसम्म म हिँडडुल गर्न समेत सकिँन।

**ठाकुरसिंह मोक्तान**
भार्ता गाविस- ७, मकवानपुर
*जनताको कब्जामा रहेको*

माओवादीले गाँजाको विषयलाई लिएर जनतालाई कुट्न थाले। माओवादीहरूले भने बमोजिम नै गााजा फाल्दै थिए। यो अभियान १ महिना अघिदेखि चलाएका थिए। जनताले फाल्छौं भन्दै थिए तर उनीहरूले ३ वर्षको बालकदेखि ७५ वर्षको बुढा र सुत्केरीलाई समेत कुटपीट गरेका थिए। यो अभियान अहिले धादिङ र मकवानपुरमा चलेको छ। धादिङ किरानचोक गाविसको वडा नं. ४,५,६,७ बाट चलेको हो। मिति २०६२ साउन २ गते किरानचोकको ४,५,६ नं. वडाका जनता तीनघरेमा जम्मा भई प्रतिकारमा उत्रि जंगल सर्च गर्न पसेका हुन। महादेवस्थानको सुन्दरनागिबाट किरानचोक आउँदै गर्दा साउन ४ गते म किरानचोकको वडा नं. ५ बोल्ने लेकको जंगलमा पक्राउ परेको हुँ। मेरो घरमा चोरी भयो। गाउँलेले चोर पत्ता लगाउने सुराक पाएपछि चोरहरूले सोधपुछका लागि लिने भनेका थिए। चोरलाई डेढ वर्ष अघि मारे। मार्ने चंखे मोक्तान भाग्यो। डिएसपीमा खबर लिएर जाँदा माओवादी हिंडिरहेको छ मुचुल्का बनाएर फालिदिनुस् भने। डेढ वर्ष अगाडि मलाई ३ जना माओवादीले सोधपुछका लागि लगे। कुटपीट गरे। ३ दिनसम्म बाँधेर राखे। ५० हजार रुपैयाँ धरौटी मागे। घरमा खबर पठाए गाउँलेले जम्मा गरी ल्याईदिए। पैसा लिए। १६ दिन भित्र आउन भने। सोको ३ दिन अगावै उनीहरूको ठूलो मान्छे आएको छ भनेर लगे। अब तपाई छुट्नु हुन्न हाम्रो श्रम शिवीरमा रहनु पर्दछ भने। म करीब साढे एक वर्षदेखि माओवादीको कब्जामा रहँदा उनीहरूले मलाई निकै दुःख दिएका थिए। उनीहरूको लागि खाना पकाउने, भारी बोक्ने, लगायतका काम गर्न लगाए। मेरो जिम्मामा ४ जना थिए। २ गतेबाट जनताले लखेट्न थाले। आ-आफ्नो सुरले भागा भाग भयो। भागेर सुन्दरनागिमा थिए। त्यहाँबाट आउँदा बाटोमा पक्राउ गरेका हुन्। अहिले यो प्रतिकार अभियानमा गाउँलेहरूसँगै हिंडेको छु। मेरो आमा, बुबा, श्रीमती र ५ जना नानीहरू छन्। मैले थाहा पाएअनुसार माओवादीको ज्यादति र यस ठाउँमा सेनाको अनुपस्थितिले गर्दा यो घटना हुन पुगेको हो।

**रामबहादुर स्याङ्ताङ**
तत्कालिन गाउँ जनसरकार प्रमुख, महादेवस्थान गाविस-८
*हाल गाउँलेको कब्जामा रहेको*

०६१ वैशाख १९ गते निसान नामक माओवादी कार्यकर्ताकी पत्नी सुजितालाई सेनाले मारेपछि मलाई माओवादीले जबरजस्ती पार्टी प्रवेश गराएका थिए। तिमी यो पार्टीमा लागेनौ भने आजै मार्छौ भनेपछि म ज्यान बचाउन उनीहरूको साथमा हिंडे। माओवादीमा पार्टीका नेताहरू प्रायः क्षेत्री बाहुन छन्। त्यतिबेला धादिङको जिल्ला अध्यक्ष विरजंग थियो। त्यसपछि मलाई गोरखा, लमजुङ कास्की, पर्वत हुँदै जेठ २९ गते रोल्पा पुऱ्याए। धादिङमा भीडन्त हुँदा मलाई घटनास्थलभन्दा केही माथिको घरमा लुकाएर राखेका थिए। वास्तवमा म घर फर्किन चाहन्थे तर यत्तिकै निष्कन सम्भव थिएन। ३ महिनापछि टिस्टुङ, पालुङमा लगेर पत्रकार समक्ष ३०, ३५ जना राखेर जनसरकार प्रमुख भनेर मलाई घोषणा गरे। गाउँको सम्पूर्ण मुद्दा मामिला मिलाउने जिम्मा पनि दिएका थिए। त्यतिबेला जनताले पनि राम्रो छ भनी आवाज समेत उठाएका थिए। ४ महिनापछि मलाइ तामाङ मुक्ति मोर्चाको जिल्ला सदस्य बनाए। ९ वटा गाविस चलाउने जिम्मा दिए। मैले ९ वटा हेर्न सक्तिन भनेपछि ५ वटा गाविस- महादेवस्थान, बेनीघाट, गजुरी, पिडा, किरान्चोक दिए।

प्रचण्डको वक्तव्यमा कुनैपनि जनतालाई जबरजस्ती गर भन्ने छैन। जनताको सेवा गर भक्ति गर भनेर बारम्बार प्रचण्डको वक्तव्य आएको छ। तर कार्यकर्ताले त्यस अनुरूपको कार्य गरेका छैनन्। उनीहरूले जनजाति र क्षेत्री बाहुनमा अन्तरविरोध गराए। जनजाति र क्षेत्री बाहुन छुट्टै बस्छन् जे छ त्यही खाउ, जनताको काम जे छ त्यसैमा लाग भनेर प्रचण्डले भने पनि झोलेहरूले नीति नियम अनुसार काम गरेका छैनन्। निर्देशानुसार नगएर बलात्कार, अपहरण, हत्या जस्ता कार्य गरेका छन्। ६ महिना पुगेपछि पार्टीको सबै नीति बुझेपछि म व्याक भएँ। माओवादीले जाँडरक्सी जुवातास बन्द भनेका थिए, तर उनीहरू आफूचाहिं टन्न भएर हिंड्ने गर्छन्। त्यसपछि पार्टी छोडेर म काठमाडौंको थापाथलीमा गएर काम गर्न थालें। ०६१ कार्तिक अन्तिममा काठमाडौं गएको थिएँ र त्यसैको मंसिर अन्तिममा आउँदा माओवादीले घरमा बंकर खनेर पुर्नुपर्छ भनी बसेका रहेछन्। त्यसपछि म चितवन भागे। मेरो घरजग्गा उनीहरूले कब्जामा लिए। चितवनमा १०/१२ दिन दाजुकोमा बसेपछि चितवनमा पार्टीको मान्छेले पार्टीको काम गर्न जा भनी लखेटेर फेरि पठायो। ०६१ फागुन पछि म मकवानपुरको कैंलासमा बसेको थिएँ। माओवादीको प्रतिकारमा उठेको भनी साथीहरू त्यहाँ पुगेपछि म पनि त्यहीबाट उठेको हुँ।

## मिति २०६२ साउन १५ गतेको माआवादी प्रतिकार समूहद्वारा किरानचोक गाविस वडा नं. ३ कटुन्जेमा आयोजित कार्यक्रममा विभिन्न व्यक्तिहरुद्वारा अभिव्यक्त विचार

**वक्ता : एक**

किरानचोक गाविसमा अन्याय, अत्याचार  र भ्रष्टाचार भएको छ। माओवादीहरूले गाविस ध्वस्त पारे, नोक्सान जनताको भयो। जनताले आफैले पकाएको खान आफै खान पाएनन्। हलो कोदालो गरेर बस्न पाएनन्। हाम्रो यो प्रतिकार आन्दोलन शुरू भएको १५ दिन भयो। सबै जनता एकजुट भएको भए यस्तो हुने थिएन। हामी अन्याय, अत्याचार  र भ्रष्टाचारको विरोधमा उत्रिएका हौं। माओवादीहरूले हाम्रो टाउकोमा जुत्ता हान्न थाले, चामल बोकाउन लगाए। माओवादीबाट २० जनाले पिटाइ खाएका छन्। मार्नलाई खोलातिर पनि लगिए। साउन २ गते देखि हातखुट्टा काट्ने भनेकाले त्यो भन्दा अगाडि नै प्रतिकारमा उत्रिएका हौं। हामीमाथि बम बारूद प्रहार गरेकाले उनीहरूलाई मारेका हौं। प्रचण्ड बाबुरामले राम्रो काम गर्न सिकाएका होलान। तर तिनीहरूका भरौटेले राम्रो काम गरेनन्। रू.१०००/- पर्ने बोका रू. ५००/-मा र ५०० पर्ने बोका १०० मा जवरजस्ती लगेर खाए। उनीहरूले सिकाएको हत्या हिंसा हामीले फर्काएका हौं।  कुखुरा खाने माओवादी हुन्। यस अघिसम्म हामी उनीहरूलाई साथ दिएका थियौं। उनीहरूले अत्याचार गरेपछि जनताले लड्नुपर्ने बाध्यता भयो।

**वक्ता : दुई**


यस्तो अवस्थामा हामी सबै एकै ठाउँमा जुट्नु पर्ने बेला भएको छ। अहिले देशमा अशान्ति भएको छ। माओवादी विरूद्ध लड्न बाहिर गएका साथीहरू पनि यहाँ आएर भिड्नु पर्ने आवश्यकता भएको छ।

**वक्ता : तीन**

माओवादीले शुरूका दिनहरूमा जे पकाएको छ, त्यही दिनुस् भन्थे। भात गुन्द्रक माग्थे। जनसेवाका कुरा भनेर हामीलाई फकाए। तर पछि-पछि भैंसी, गाई, कुखुरा कति छ भनेर सोध्दै कर लगाउन थाले। भैसी, गोरू कुखुरामा क्रमशः ५०/-, ५०/- र ५/- रूपैयाँमा बिक्री कर लगाएका थिए। आफूलाई खानेकुरा नभएको समयमा धान माग्ने घट्टमा समेत कर लगाएपछि हामी जनताको चित्त दुखेको हो। आफैले मेहनत गरेर उत्पादन गरेकोमा पनि कर लगाउने गरे। हामीलाई हामी आफैले पालेकाहरूले हाम्रो गिदी खान थाले भन्ने महसुस भयो। धान चामल बोक्न लगाए। आफ्नो काम छ भन्दा घिर्चो, हातखुट्टा भाँची दिउँ भन्थे। सोही कारणले प्रतिकारमा उत्रिएका हौं।

**वक्ता : चार**

जनताले माओवादीलाई साथ दिएका थिए। तर उनीहरूले यातना दिन थाले, कानमा समातेर उठ बस् गराउन थाले। हाम्रो सुरक्षाफौज धेरै छ धान चामल दे नत्र बुट, कुखुरा दे नत्र ड्याङ, २५०० पर्ने खसी १५०० मा दे नत्र ड्याङ दिन्छौ भन्थे। उनीहरूलाई धान दिनुपर्ने भयो। भारी बोक्नुपर्ने बाध्यता भयो। ४ माना रक्सी बेच्नेलाई पनि यातना दिन थाले। पैसा मागे तर रसिद भरपाई दिएनन्। माओवादीले सुत्केरी भनेनन्, बृद्ध भनेनन्, आँखा नदेख्ने भनेनन् अति नै अत्याचार गरे। त्यसैले कालोलाई कालो भन्नुपर्छ। हामी माओवादीको अन्याय सहन नसकेर नै उत्रिएका हौं।



**माओवादी विरुद्ध गाउँलेद्वारा किरान्चोक-३ कटुन्जेमा गरिएको भेला**

**वक्ता : पाँच**

माओवादीको कष्ट सहन नसकी हामी अगाडि बढिरहेका छौं। शान्ति ल्याउँछौं भन्नेले ल्याएनन्। अहिले हाम्रो जीवन खतरामा छ। लाटा सीधा जनतालाई ध्वस्त पारिसकेका छन्। माओवादीको नराम्रो नीति जनताको टाउकोमा नखन्याइयोस्। पत्रकारहरूलाई हत्या गरेका छन्। माओवादीले मान्छे मार्ने, बलात्कार गर्ने लगायत्का कामहरू गरेका छन्। त्यसका विरूद्ध हामी उत्रेका हौं। माओवादी विरूद्ध हामीले आक्रमण गर्नु नपरोस। माओवादीको नराम्रा काम विरूद्ध सबै युवा साथीहरू एकजुट हुनु पर्‍यो। चितवनमा एकै परिवारका ६ जना मारिएका छन्। हामीले त्यस्तो कष्ट भोग्नु नपरोस। जनाताको मुक्ति गर्छौं भनेर हाम्रो मन जितेका थिए। हामीले उनीहरूसँग अंगालो गर्‍यौं। उनीहरू पछि मार्ने काट्ने कार्यमा सक्रिय भए। उनीहरूको ज्यादती खप्न नसकेर हामी प्रतिकारमा उत्रिएका हौं।

**वक्ता : छ**

हामी माओवादी विरूद्ध उत्रेका छौँ। यो माआवादी निभाउने अभियान हो। उनीहरूले हामीलाई दिएको दु:ख सहन नसकेर हामी यसरी लागेका हौँ। गाउँघरमा अब कसैले पनि आफ्नो परिवार साथी कोही माओवादी छ भने उसलाई जनता समक्ष बुझाउनुपर्छ सम्झाउनु पर्छ। अहिलेपनि हामी निशान भन्ने व्यक्तिलाई खोजी गर्दैछौं। माओवादीलाई तह लगाउन सरकारले सकेन। अब हामी छ महिना भित्रमा माओवादीलाई ठीक पार्छौं।

**वक्ता : सात**

म माओवादीबाट पीडित हुँ। मलाई अपहरण गरेर माओवादीले ल्याएका थिए। मेरो गाउँमा चोरीको घटना भएको थियो। माआवादीले मलाई घरबाट अपहरण गरेर ल्याएपछि केही दिनमा नै छोड्छु भने तर छाडेनन्। उनीहरूसँग रहँदा मैले उनीहरूको भारी बोक्नुपर्थ्यो, भात पकाउनु पर्थ्यो। यसैक्रममा उनीहरूबाट फुत्केर भाग्दै गर्दा जनताले मलाई समाते। उहाँहरूले अनुसन्धान गरेर मलाई बचाउनुभएको छ। म अहिले जनताको साथमा छु। एकपटक स्थानीय बासिन्दालाई कुट्न भनेर मलाई लाठी काट्न पठाएका थिए। मैले नमानेपछि त्यो कुरा पार्टीको माथिसम्म पठाएछन्। यो अत्याचार हो। उनीहरूले १० वर्षमा गरेको अन्यायको फल एकै चोटी झार्नुपर्छ। हामी मकवानपुरसम्म एकजुट हुनुपर्‍यो।

**वक्ता : आठ**

अहिले निस्केको जनआवाजबाट म निकै खुशी भएको छु। हाम्रो देशमा प्रजातन्त्र छैन, गणतन्त्र हैन, जनतन्त्र हुनुपर्छ जनताको शासन हुनुपर्छ। यहाँ "राजाको छोरा राज्य गर्ने जनताको छोरा मर्ने" भएको छ। हामी राजाको कुटनीति, नेताको ठग तथा भ्रष्टाचार नीति र माओवादीको शेर नीतिको मारमा परेका छौँ। अब हामीले कुन नीति मान्ने भनेर छुट्याउनु पर्ने भएको छ। राजाले श्रीपेच ओढेर हुँदैन, जनताको अधिकार दिनुपर्छ। नेपालमा अहिले माओवादी, खाओवादी र ठगवादी छन्। यिनीहरूको कारणबाट विस्थापित भएर म आफ्नो गाउँ छोडेर काठमाडौं बसिरहेको छु। अब हामी एक भएर माओवादीको विरूद्ध कारवाहीमा उत्रिनुपर्दछ। हामीलाई शान्ति चाहिन्छ। माओवादीले ६ नं वडाबाट तीनसय मुरी धान उठाएर मकवानपुर पुर्‍याएर खाए। यता जनताको खेत रोपिएको छैन, उता माओवादीले भएको बाली उठाएपछि जनताले के खाने ?

**वक्ता : नौ**

सञ्जीव लामा पार्टीले राखेको नाम हो। मलाई जबरजस्ती पार्टीमा प्रवेश गराइएको हो। पार्टीमा नलागेमा मलाई भष्मकार पर्ने धम्की दिएपछि म उनीहरूको साथमा हिंड्न बाध्य भएको हुँ। २०६१ बैशाख अन्तिममा निसानको श्रीमती सुजिनालाई सेनाले हत्या गरेपछि मलाई पार्टीमा प्रवेश गराएका हुन्। मलाई जबर्जस्ती लगेर जनजातिको भातृ संगठनमा सदस्य बनाएका थिए। तामाङ राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला सदस्य बनाएका थिए। उनीहरूसँग हिंडेको ३ महिना पछि मलाई महादेव स्थान गाविसको गाउँ जनसरकार प्रमुख बनाएका हुन्। पार्टी भित्रैपनि प्रचण्डले जनताको नखानु भनेका छन् तर नीति नियम अनुसार पार्टीका झोले कार्यकर्ताले सही काम गरेनन्। कतै बलात्कार र अपहरण भएको छ भने कतै अपहरणपछि हत्या गरिएको छ। पार्टीमा प्रवेश गरेको ६ महिनामा नै पार्टीको नीति नियममा चित्त नबुझेर म पछाडि हटेको हुँ। त्यसपछि म काठमाडौं गएँ। त्यहाँ फ्याक्ट्रीमा काम गरें। उनीहरूबाट घरमा धम्की आउन थाल्यो। एकपटक उनीहरूले मलाई घरमा बंकरमा पुरिदिने भनेर धम्की दिएका रहेछन्। अहिले ०६२ साउन एक गते कैलाश भन्ने ठाउँमा प्रतिकारमा उत्रेको मकवानपुरको जनताले फेला पारेर आफूसँग राख्नुभएको छ। म, ठाकुर र बुद्धीमानलाई जनताले कब्जामा लिएका छन्। साउन ४ गते दिउँसो ठाकुरलाई, साउन ५ गते बेलुका

रातको २ बजे मलाई, ६ गतेतिर दिउँसो बुद्धीमानलाई जनताले समातेका हुन्। मारिएका मध्ये हिमाल धादिङको हो, अरूको बारेमा मलाई पनि थाहा छैन।

**वक्ता : दश**

शुरू शुरूमा माओवादीले भनेको र गरेको कारवाही सुन्दा यो गाविसमा अन्याय र अत्याचारीमा म मात्रै रहेछु कि जस्तो लागेको थियो। तर आज धेरैको साथ पाएको अनुभव गरिरहेको छु। अब फेरि पनि दुवै पक्षमा मिलेमतो गरेर फाइदालिन खोज्नेले बाँच्न पाउने छैनन्। दरबारमा शासन गर्नेले वार्ता गराउनुपर्छ। हामी हुँदा कोही पनि डराउनु पर्दैन्। यता र उता स्यापट्याप गरेमा त्यसको परिणती राम्रो हुने छैन्। त्यसको कारणले कोही नमरून। स्यापट्याप गर्ने मान्छे कोही बाँच्न पाउने छैनन्। अपहरण, कुटपीट, आफ्ना छोरी बुहारी कोही नभने जनता चुप लागेर बस्दा रहेनछन्। हामी सबै माओवादी विरूद्ध एकजुट हुन आग्रह गर्दछु। माओवादीलाई सूचना पठाउनुपर्छ कि उनीहरू पनि हतियार बिसाएर वार्ता गर्न आउन्। शान्ति वार्ता गरेर जनताको सरकार बनाइनुपर्छ। माओवादीलाई हतियार बिसाएर आउन र सरकारले वार्ताको वातावरण बनाई वार्ता गरी समस्याको समाधान गर्नु पर्दछ। हामी जनता एकजुट भएर ठग जाली शोषक खाओवादीलाई ठिक पर्नु पर्दछ। खाओवादी माओवादी होइनन्। माओवादी पनि समाजमा आएर वातावरण सहज बनाउनु पर्दछ।

## सुरक्षा निकाय तथा प्रशासनको भनाई

**मोदराज डोटेल**

प्रमुख जिल्ला अधिकारी, मकवानपुर

गरिबी र त्यसमाथिको अत्याचार नै अहिलेको घटनाको मुख्य कारण हो। अहिले घटनास्थलहरूमा सुरक्षाफौजको उपस्थिति रहेको छ। मान्छे मार्ने प्रवृत्ति नहोस् र शान्तिको लागि बल पुगोस् भनेर हामीले हेटौंडाका मानवअधिकारकर्मी र राजनीतिकर्मीहरूलाई छलफल गरी विज्ञप्ति निकाल्न अनुरोध गरेका थियौं। सुरक्षाकर्मीको जानकारीको आधारमा ५ जना मारिएको भन्ने देखिन्छ तर माओवादीको विज्ञप्तिमा ४ जना माओवादी र २ जना सर्वसाधारण मरेको भनिएको छ। तर निष्कर्षमा पुग्न सकिएको छैन। अहिलेको प्रतिकार शुरू हुनुको मुख्य कारण सुत्केरी र बृद्ध मानिस माथिको हातपात, सहन नसक्ने यातनाहरू नै देखिन्छ। गाँजाको कुरा पनि नआएको होइन। हत्या, अत्याचार भएको, हरेक कुरामा कर लगाएको, भनेको काम नगरेमा उसलाई यातना दिइएको तथा स्वार्थ पूरा हुँदा ठीक र स्वार्थ पूरा नहुँदा गलत भन्ने प्रवृत्ति देखिएकोले गाँजाको मात्र मुद्दालाई प्रमुख मान्न सकिदैन। राज्यले गाँजालाई गैरकानुनी भनेको छ। २०३३ सालदेखि नै गाँजा खेतीलाई अवैधानिक घोषणा गरेको छ। त्यसैले त्यस भेगलाई गाँजा खेतीबाट निरूत्साहित पार्न अन्य वैकल्पिक स्रोतका उपायहरू अबलम्बन गर्ने कार्यमा प्रशासन अगाडि बढिरहेको छ। त्यसका साथै गाँजा खेती नहोस् भन्नको लागि शिक्षा दिने कार्य पनि भइरहेको छ। अहिलेको घटनामा मान्छेको मृत्यु हुनुमा जड गाँजा हो भनिए पनि तत्काल गाँजाको मुद्दा भन्दा मान्छे नमरोस् भन्ने बिषय महत्वपूर्ण रहेको छ।

प्रतिकारमा जनताहरूले हातहतियार प्रयोग गरेको भन्ने छ, तर जनताहरूले दैनिक जीवनमा उपयोग गर्ने हतियारहरू हँसिया, लाठा, भाला, बन्चरो, खुकुरी, खुँडा आदि नै चलाएको देखिन्छ। परम्परागत दैनिक उपयोग हुने हतियार कानुनी हतियारमा नै गनिन्छ। त्यसलाई प्रयोग गर्न कानुनले निषेधित गरेको छैन। त्यस्तो हतियार जोसँग पनि रहन्छ। त्यसका साथै भरूवा बन्दुक पनि परम्परागत हतियार हो। यदि गैरकानुनी भएमा हामीले लिने छौं। तर हतियार चल्यो भन्नु भन्दा हतियार किन चल्यो भन्नु महत्वपूर्ण विषय हो। त्यहाँका जनता माथि अन्याय अत्याचार भएकोले नै त्यस्ता हतियार प्रयोग भएको हो। विस्तारै जनताहरू पनि बुझ्ने तथा सक्षम हुँदै आएकोले नै अन्याय विरूद्ध यस्ता आवाज उठेको हो।

बालबच्चा पनि हातमा हतियार लिएर हिंडेको कुरा आएको छ। बाल अधिकारका कुरा हामीले जति बुझेका छौं। त्यस गाउँका मान्छेले बुझेका छैनन्। यस्ता कुराहरू कुनै घटना विशेषमा मात्रै आउने र अरू समयमा यस बारेमा खासै कुराहरू नहुने भएकोले उनीहरूले बुझेका कुरा पनि बिर्सन सक्छन्। यसबारेमा बुझाउने दायित्व पनि राज्यको हो र सो कार्य गरिनु पर्दछ।

प्रतिकारका नाममा अपराधिक गतिविधि नहोस् भन्नको लागि राज्य सक्रिय हुनुपर्दछ। अपराधिक गतिविधि भएको देखिएमा सरकारले कानुनी उपचार गर्नु पर्दछ। त्यो सरकारको दायित्व समेत हो। राज्यका सुरक्षा अंगहरू घटनास्थलमा पुगिरहेका छन्। त्यसका साथै भविष्यमा सुरक्षाको प्रत्याभूति कसरी गराउन सकिन्छ भन्ने विषयमा हामी

सुरक्षाका अंगहरू बसी निष्कर्षमा पुग्ने छौं। तर हामीसँग पर्याप्त मात्रामा परिचालन गर्न सक्ने सुरक्षाकर्मीको अभाव भएको कारणले र यस सम्बन्धी निकायको कमीले गर्दा आवश्यकता अनुरूप परिचालित हुन सकेको छैन।

प्रतिकारका क्रममा पक्राउ परेका ४ जनालाई जिल्ला प्रशासन कार्यालयको आदेशमा चनवन व्यारेकमा थुनामा राखिएको छ।

साँच्चै जनताको शक्तिलाई मान्ने हो भने नागरिक समाजको भूमिकालाई अगाडि बढाउनु पर्दछ। शान्तिपूर्ण भूमिकाको लागि नागरिक समाजले पहल गर्नु पर्दछ। भड्काउन सजिलो भएतापनि सम्झाउन गाह्रो हुने हुँदा शान्तिको सन्देशको लागि मानवअधिकारवादीले पहल गरिदियोस् भन्ने हाम्रो चाहना छ। साथै शान्ति ल्याउने दायित्वमा माओवादी पनि लागि पर्नु पर्दछ। शान्ति ल्याउने दायित्व राज्यको भएकोले राज्य आफ्नो दायित्वबाट पन्छिन सक्दैन। गैरकानुनी कार्यलाई निरूत्साहित गर्दै समय परिस्थिति अनुसारको बोली बोल्ने हो भने पनि शान्ति अवश्य नै आउँछ। हाल आएर जनता जति सक्षम हुँदै आइरहेका छन्, त्यतिनै समस्याहरू समाधान हुँदै गइरहेका छन्।

सुरक्षा दिनु पर्ने दायित्व राज्यको रहन्छ तर राज्यले कतिसम्म सुरक्षा दिन सक्छ। जनताले यापन गरिरहेका जीवन पद्धतीमा डिस्ट्रवेन्स (अवरोध) गरिएको छ। सजिलै मान्छे मार्ने परिपाटीको विकास भएको छ। थप घटना हुन नदिन, हाम्रो तर्फबाट कमी कमजोरी हुन दिने छैनौं। ४ जना व्यक्तिलाई जनताले पक्रिएर सुरक्षाकर्मीलाई बुझाए। ती कानुनी रूपमा थुनामा छन्। सुरक्षाफौजको रिपोर्टको आधारमा ५ जना मरेको कुरा छ। माओवादीको वक्तव्य पढ्दा ५ जना उनीहरूका र २ जना सर्वसाधारण भन्ने छ। मान्छे मारिएको विषयमा हामी निस्कर्षमा पुगेका छैनौं। छानविनकै क्रममा छ। हतियार प्रदर्शन गरेको विषयमा धेरै परिकल्पना नगरौं। जनताले आफूलाई अन्याय ठानेर प्रतिकारमा उत्रिएका छन्। त्यो क्रियाकलाप पनि ठीक हो कि होइन विश्लेषण गर्नुपर्छ। उनीहरू अहिले आएर प्रतिकारमा किन उत्रिनु पऱ्यो। हिंसा भड्किने किसिमले जानु हुँदैन। राज्यले हतियार दिँदैन। भरूवा बन्दूक परम्परागत हतियार हो। दैनिक उपयोग गर्ने हतियारहरू छन्। यो गर्नु हुन्छ यो हुँदैन भनी जनतालाई सुसूचित गर्ने काम गरिरहनु पर्छ। उनीहरूलाई चेतनशील बनाउने काम गर्नुपर्छ। सबै काम जिल्ला प्रशासनले पनि गर्न सक्तैन।

शान्तिको सन्देशलाई भड्काउन सजिलो छ तर व्यवस्थित गर्न गाह्रो छ। राज्यको उपस्थिति आवश्यकताअनुसार हुन्छ। स्थिति विस्तारै सामान्य हुँदै जाँदैछ। जुन कारणहरूले घटना शुरू भएको छ ती कारणहरूलाई विश्लेषण गरी जनतालाई सम्झाउन सक्ने हो भने हो यो समस्या समाधान हुन्छ। हिंसालाई त्यागी शान्तिको बाटो रोज्नुपर्छ र नागरिक समाजको भूमिकालाई प्रभावकारी बनाउनु पर्छ। राज्य भनेको कुनै एक होइन हामी सबै राज्य हौं। हामीसंग साधन स्रोत  जति छ त्यति नै गर्ने हो।

**रेवती रमण पोखरेल**

सहायक प्रजिअ

जिल्ला प्रशासन कार्यालय, धादिङ

मलाई अनौपचारिक रूपमा प्राप्त जानकारी अनुसार गत वर्ष गाँजामा माओवादीहरूले कर लिने भनेका रहेछन्। तर उनीहरूको यो नियम सञ्चारमाध्यममा समेत प्रकाशित भई आलोचित भएपछि उनीहरूले आफ्नो नीति परिवर्तन गरेर यसबर्षदेखि गाँजा फाड्ने अभियान शुरू गरेका रहेछन्। यसले गर्दा आफ्नो रोजीरोटी खोसिने भएकोले गर्दा सबै मानिस प्रतिकारमा माओवादी विरूद्ध उठेका हुन्। चन्दा आतंक, डर र त्रासमा रहेर कति दिन बाँच्न सकिन्छ भनेर प्रतिकारमा उत्रेका हुन्।

स्थानीय जनतासँग जे थियो त्यो हतियार बोकेर हिँडे। प्रशासन द्वन्द्व निराकरणका लागि सजग छ। जनताले सामान्य भाला खुकुरी लाठी लगायतका हतियार बोकेका छन् तर बन्दुक लगायतका हतियार भने उनीहरूको हातमा छैन। उनीहरूको सुरक्षाको लागि कसरी अगाडि जान सकिन्छ भन्ने विषयमा जिल्ला स्थित सुरक्षा समितीको बैठक बसेर निर्णय गरिने छ।

घटनाका सम्बन्धमा हामीलाई ९ गते मात्र जानकारी प्राप्त भएको थियो। घटना घटेको पुष्टी १२ गते मात्र भयो। हामी स्थानीय जनतालाई उनीहरू माथिको थिचोमिचो सहेर बस्न भन्न सक्दैनौं तर कानुन हातमा लिनुहुदैन। कानुनी कारवाही अगाडि बढाउनको लागि सबैले सुरक्षाफौजलाई सहयोग पुऱ्याउनुपर्छ।

**जगदीश पोखरेल**

कर्णेल

६ नं. बाहिनी "बैरेनी", धादिङ

घटना घटेपछि मात्र सुरक्षाफौजलाई जानकारी भयो। साउनको १-२ गते तिर नै हामीलाई हाम्रो स्रोतबाट सामान्य जानकारी प्राप्त भएको थियो। १० गते दश बाह्र जना जति स्थानीय गाउँले आएर सुरक्षाफौजलाई जानकारी

दिए। हामीलाई प्राप्त जानकारी अनुसार यो घटनाको सुरूवात धादिङको किरानचोकबाट भएको हो। ५ गते किरान्चोकको सल्ले र पेटारे बीचमा माओवादीका हिमाल उपनामका एक कार्यकर्ता मारिए। ६ गते महादेवस्थानको नागी भन्ने ठाउँमा कमल नाम गरेका दुई जना मारिएका छन्। ७ गते बोल्नेलेकस्थित जंगलमा स्थानीय बासिन्दाले सर्च गर्दा त्यहाँ रहेको उनीहरूको सेल्टरबाट विभिन्न बन्दोबस्तीका सामग्रीहरू बरामद भएका छन्।

अहिलेसम्म प्राप्त जानकारी अनुसार पाँच जना माओवादी मारिएका छन्। तर हामीले गाउँलेलाई कुनैपनि किसिमले प्रतिकारमा हिंड्नुपर्छ भनेका छैनौ। आफ्नो सुरक्षाकोलागि पहल गर्नु उनीहरूको अधिकारको कुरा हो। तर त्यसो भन्दैमा माओवादीलाई मार्नुपर्छ भन्ने होइन। उनीहरू आफैपनि डराएका छन् र हामीले पनि स्पष्ट पारेका छौ, कानुनलाई आफ्नो हातमा लिनु हुँदैन। आफैमाथि खतरा उत्पन्न हुने स्थिती नभएमा वा उनीहरूसँग हतियार नभएको स्थितीमा सुरक्षाफौजले पनि माओवादीलाई यसै मार्दैन, पक्राउ गरेर कानुनी प्रक्रिया अगाडि बढाउँछ। जनताले पनि उनीहरूलाई समातेर प्रशासन वा सुरक्षाफौज समक्ष बुझाउनु पर्दछ। जनताले समातेका केही माअेवादीहरू पनि हामी जनतालाई साथ दिन्छौ भनेर उनीहरूसँग अभियानमा हिडेका छन्। अहिलेसम्म हामीलाई थाहा भए अनुसार मारिएका माओवादीहरूमा हिमाल, कमल नाम गरेका दुई जना, रामजी र सामना भन्ने छन्। हामीसँग उनीहरूको उपनामको कागजात नभएकोले उनीहरूको विस्तृत विवरण पाउन सकिएको छैन। स्वयं मार्ने गाउँलेहरूसँग पनि उनीहरूको बारेमा थप जानकारी छैन। हाम्रो जानकारीमा जनतासँग बन्दुक छैनन्। उनीहरूसँग घरेलु हतियार मात्र छन्। हामी जनतालाई सुरक्षाको प्रत्याभुति गराउन कुनैपनि हालत मा प्रयासरत छौं। अहिले हाम्रो सर्कुलेसन व्यापक बढाइएको छ। आवश्यक परेमा ब्यारेक राख्ने तर्फपनि पहल बढाइनेछ। तर यो रणनैतिक कुरा हो। आवश्यक परेमा व्यारेक, ट्याम्पोररी व्यारेक वा अपरेशन जे चाहिन्छ त्यसको लागि तयार छौं।

आत्मसुरक्षा गर्नु जनताको अधिकार हो। या त हामी सधैं त्यही बस्नुपर्‍यो। अब उनीहरू हामीसँग सल्लाह गर्न आउलान् र हामी सल्लाह गरौंला। गाउँबाट एउटा बन्दुक हाम्रै स्रोतको आधारमा पत्ता लगाएर ल्याएका छौं। कटुवा पिस्तोल चाहिँ गाउँलेले हस्तान्तरण गरेका छन्। जनताले एउटा वेसक्याम्प चाहिन्छ भन्ने मौखिक माग गरेका छन्। प्रतिकार समिति बनेको भन्ने समाचार आएको छ। अब उनीहरू केही दिनमा हामीसँग कुराकानी गर्न आउलान् र सल्लाह गर्नेछौं। सुरक्षा पोष्ट राख्न कति सम्भव छ ? आज यता भोली उता कसरी गर्न सकिन्छ? गाँजाको सवालमा माथिल्लो भागतिर कतैकतै प्राकृतिक रूपमै उम्रेका केही होलान् तर संगठित गाँजा खेती गरेको देखेका छैनौं।

**कल्याण रायमाझी**

जर्नेल

७ नं. बाहिनी चनवन व्यारेक, मकवानपुर

माओवादीको ज्यादतीको विरोधमा सर्वसाधारण जनता प्रतिकारमा स्वतस्फुर्त रूपमा उत्रिएका छन्। अहिलेको अभियानको कारण गाँजा हुनसक्छ भन्ने कुरा पनि आएको छ। हामीलाई पनि यस अघि नै त्यसक्षेत्रमा केही गाँजाको खेती हुन्छ भन्ने सुचना आएको थियो। **हाम्रो शंका पनि गाजा खेतीमा हिसाब किताब नमिलेको हो कि भन्ने लाग्छ ।** हामीलाई त्यहाँ गाँजा खेती हुने पूर्व सूचना थियो। अर्कोतिर माओवादीको पनि मुख्य स्रोत नै गाँजा थियो भन्ने पनि सुनिन्छ तर त्यो कुरालाई त्यहींका जनताले समेत स्वीकार गरेका छैनन्। शुरूमा धादिङका जनताले यो अभियान शुरू गरेका रहेछन्। उनीहरूले साउन ६ गते महादेवस्थान गाविसको सुन्दरनागीबाट २ वटा प्रेसरकुकर सकेट बम बरामद गरेका रहेछन्। धादिङको बोल्नेलेकमा रहेको उनीहरूको तालिम केन्द्र पनि गाउँलेले ध्वस्त पारेका छन्। त्यहाँ बरामद भएका सामग्रीहरू मध्ये केही सेनाले ल्याएको छ र कतिपय सामग्रीहरू त्यही सडाउन दिएका छौँ। धान चामल जनताकै साथमा रहेको छ। जनताको प्रतिकारमा मरेकाहरू मध्ये कुनैपनि सर्वसाधारण होइनन् र माओवादीनै हुन भन्ने कुरामा हामी विश्वस्त छौँ। मकवानपुर तर्फ मारिएको भनिएकी सामना सेनाको पनि जानकारीमा भएकी माओवादी कार्यकर्ता हुन्। अर्का मारिएका बि.क. वा दर्जी के हुन भन्ने थाहा हुन सकेको छैन। धादिङतर्फ भएको घटनाको जानकारी प्राप्त भइसकेको छैन।

घटनाको समयमा जनताले माओवादीलाई समात्न खोज्दा उल्टै बम प्रहार गरेकोले जनताले उनीहरूलाई कुटीकुटी मारेका हुन्। हामीले घटनाको बारेमा थाहा भएपछि थप मानवीय क्षति हुन नदिन हाम्रो फौजलाई पठाएका छौँ। गएको १३ गते उनीहरूको भेलामा पृतनापति र सहायक रथी घटनास्थलतर्फ गएका थियौँ।

जनता सामान्य आफ्ना परम्परागत हतियार लिएर निस्केका छन्। उनीहरूसँग बन्दुक लगायतका कुनैपनि आधुनिक हतियार छैनन् र भएको थाहा भएमा हामी त्यसलाई नियन्त्रणमा लिनेछौँ। गाउँलेहरू आफैपनि माओवादीलाई मार्ने नीतिमा केन्द्रित छैनन्। उनीहरूले कब्जा गरेका केही माओवादी उनीहरूसँगै हिंडिरहेका छन् भने चार जनालाई हामी समक्ष हस्तान्तरण गरेका छन्। हस्तान्तरण गरिएका सबैलाई प्रशासनको पूर्जी दिएर मानवोचित व्यवहार गरि

राखिएको छ। ४ जनाको जिल्ला प्रशासनबाट पूर्जी आएको छ। नियमानुसार जिल्ला प्रशासनमा बुझाउने काम हुन्छ। कुनै हालतमा पनि मार्ने काम हुँदैन र कुनै यातना दिइएको छैन।

हामीले गाउँलेलाई प्रतिकार समिती बनाउ भनेर भनेका छैनौ र त्यस्तो समिती गठन भएको जानकारी पनि हामीलाई प्राप्त भएको छैन। हामीले माओवादीलाई नमार्न र समातेर कानुनी प्रक्रियामा ल्याउन जनतालाई भनेका छौँ। माओवादीको प्रतिकारमा साना साना नानी समेत साना साना हतियार बोकी हिंडेका छन्। माओवादी भए पनि समातेर नमार्ने नीति सुरक्षा निकायको छ।

बिहान खाए बेलुका के खाउँ भन्ने स्थितिमा रहेका जनता माथिको अत्याचारले नै उनीहरू यसरी उत्रिन बाध्य भएका हुन्। माओवादीले जनतामाथि ज्यादती गरेका छन् र त्यो कुरा उनीहरूले स्वीकार गर्नुपर्दछ। गाँजा खेती नगरे उनीहरूको छाक टर्दैन तैपनि स्थानीयबासीले उनीहरूको गाँजा ओसार पसारमा सहभागिता इन्कार गरेका छन्। वास्तवमा यहाँको गाजा अन्य स्थानको भन्दा उत्कृष्ट गुणस्तरको मानिन्छ र महँगो  पनि छ। **अन्य स्थानको गाँजालाई पचास रूपैया पर्ने भए यहाँको गाँजालाई पाँच सयसम्म पर्छ।** माओवादीको पनि मुख्य आम्दानीको स्रोत गाँजा नै हो। यहाँको गाँजा बारा पर्सा रौतहट हुदै इन्डिया पुग्छ।

पछिल्ला सात आठ दिनहरूको स्थिति केही सामान्य बन्दै गइरहेको अनुभव गरेका छौँ। हामीले गाउँलेहरूलाई सुरक्षाको अनुभुति दिलाउन हरसम्भव प्रयास गरिरहेका छौँ। आवश्यक परेमा उक्त स्थानमा ब्यारेक पनि राख्न सकिन्छ।

जनताले बोकेको हतियारको बारेमा जुन कुरा आएको छ, हामीलाई जानकारी भए अनुसार उनीहरूसँग परम्परागत भाला, खुकुरी जस्ता हतियार बाहेक अन्य कुनै आधुनिक हतियार छैनन्। भरूवा बन्दुक अहिले वर्षाको समयमा एकपटक पड्काएपछि अर्को एक घण्टासम्म पड्किदैन। यो ठूलो कुरा होइन। तैपनि जनताको हातमा भरूवा बन्दुक लगायतका जोखिम पूर्ण हतियारहरू रहेछन् भने हामी खोसेर लिन्छौँ।

(टोलीसँगको कुराकानी कै क्रममा जर्नेल माझीले आफ्नो मातहतका मेजर बोलाई हतियार खोस्न समेत आदेश दिनु भएको थियो।)

**जीवन कार्की**

मेजर, ६ नं. बाहिनी, बैरेनी, धादिङ

*घटनास्थल पुगेर फर्कदै गरेको अवस्थामा*

गाउँलेहरूले जानकारी गराएपछि हामी १३ गते यहाँ आएका हौं। यस क्षेत्रमा माओवादीले गाउँलेलाई ज्यादै दुःख र पीडा दिएको हामीले थाहा पायौँ। गाउँलेहरूले बोकिरहेको हतियार उनीहरूको आत्म सुरक्षाको लागि हो। गाउँलेले आफ्नै घरेलु हतियार बोकेका छन्। उनीहरूसँग भएका ५/६ वटा भरूवा बन्दुक छन्। उनीहरूको सुरक्षालाई विचार गरेर ती बन्दुकहरू छोडेका छौं। यस्तो स्थितिमा उनीहरूसँग हामीले हतियार माग्न सकेनौं। हामीलाई दिएको जानकारी अनुसार हिमाल भन्नेलाई पेटारे र सल्लेको बीचमा मारिएको हो। अन्य दुई जनालाई ताल्तीमा मारिएको रहेछ। तालिम केन्द्रमा बरामद भएका काम लाग्ने सामानहरू हामीले लिएर आएका छौं। बाँकी बन्दोबस्तीका सामान त्यही जलाइदिएका छौं। गाउँलेहरूसँगको कुराकानीको क्रममा हामीले कसैलाई पनि सकेसम्म मार्नु हुँदैन कब्जामा लिनुपर्छ भनेर सम्झाएका छौं। अब यस क्षेत्रलाई कसरी सुरक्षा नियन्त्रणमा लिन सकिन्छ भन्ने विषयमा छिट्टै कदम अगाडि बढाइनेछ। यहाँ बरामद गरिएका सामानहरूमा सोलार प्यानलहरू, प्रेसर कुकर बम, सकेट बम, एउटा बन्दुक, हत्कडी, ब्याट्री, दुरबीन आदि छन्। अहिले प्रतिकार समुहले जंगल र गाउँहरूमा सर्च गर्ने क्रम तिब्र पारेका छन्। आफ्नो सुरक्षाका लागि पालैपालो सेन्ट्री बस्ने, बाहिरी मान्छेमाथि निगरानी राख्ने काम भइरहेको छ।

**ज्योति रायमाझी**

सचिव, आग्रा गाविस

माओवादीले ज्यादती गरे भन्दैमा निरोधात्मक हत्यामा उत्रिनु उचित होइन। जनतालाई भाला खुकुरी बोकेर हिँडाउँदा यो कति दिन चल्न सक्छ भन्ने सवाल उठ्छ। हत्याहरू विभत्स र क्रुरतापूर्वक भएका छन्। सामनाको हत्या भएपछि म गाउँ जान चाहेको थिएँ तर साथीहरूको सल्लाह र परिस्थिति अनुरूप जान सकिन। त्यसपछि सोमबार १० गते स्थानीय पत्रकार साथीहरू सुरेन्द्रमान प्रधान र कुमार  नेगी त्यता जानुभयो। उहाँहरू पनि धेरैमाथि जान सक्नु भएन।

यी ठाउँहरू गाँजाका अखडा मानिन्छन्। खेती गर्ने बेलामा, काट्ने बेलामा तराईतिरबाट प्राविधिकहरूले आएर खेती गर्न सिकाउँछन्। त्यसैले अहिले पनि गाँजाको ठूलो भूमिका छ भन्ने लाग्छ।

अहिलेको स्थिति खतरनाक देखिन्छ। जनता हतियार लिएर हिँडेका छन्। माथि अरू कोही जान सकेको छैन। हामी जसरी भए पनि हिंसा नभड्कियोस् भन्ने चाहन्छौं। हिजो मात्रै आग्राा गाविस-४ मा अभियानमा लाग्न नचाहनेहरूको शान्ति समिति गठन गरिएको छ। तर उनीहरू यसरी बीचमा कसरी बस्छन् भन्ने सवाल छ। अभियान कसको नेतृत्वमा भन्ने छैन, अराजक भीड बढेको छ। सामान्य जनतालाई जबर्जस्ती अभियानमा समावेश गरिएको छ। कि हामीसँग लाग नत्र तिमीहरूलाई पनि कारवाही गर्छौं भनेकोले कैयौं जनता डराएर हिड्न बाध्य भएका छन्। घटाका कारणले केही मान्छेहरू विस्थापीत भएका छन्।

**आनन्द घिमिरे**

सचिव, महादेवस्थान गाविस

महादेवस्थानमा कसैको मृत्यु भएको भन्ने कुरा मलाई थाहा भएको छैन। म गजुरीमा बस्छु र गाविस निकै टाढा छ। गाउँलेसँगै प्रत्यक्ष सम्पर्क कमै हुन्छ। यस घटना शुरू भएपछि त जनता अझै आएका छैनन्। त्यसैले हामीले थाहा पाउने स्रोत भनेको पत्रपत्रिका र यहाँ हुने हल्ला नै हो। त्यसैले अहिलेसम्म मैले पाएको जानकारी अनुसार महादेवस्थानमा त्यस्तो कुनै घटना भएको छैन। त्यसमाथि वर्षायाम भएकोले पनि गाउँबाट मान्छेहरू अहिले आएका छैनन्। गाउँमा माओवादीले दु:ख दिन्छन् भन्ने सुनिएको थियो। म आफै गाउँमा नबसेर यहाँ बसिरहेको छु। भर्खरै माओवादीको धम्कीको कारण गाविसका प्राविधिक सहायकले राजिनामा दिनु भएको छ। गाउँको प्रमुख आयस्रोत मकै खेती हो। कतै कतै गाँजा खेती हुन्छ पनि भनेको सुनिन्छि। म आफैले पनि कतै कतै गाँजा देखेको थिएँ तर व्यवस्थित र संगठित रूपमा खेती हुन्छ भन्ने कुरा मलाई थाहा छैन।

**मोहन कुमार खड्का**

सचिव, किरान्चोक गाविस

म आफै गाउँ छोडेर गजुरीमा बसेर काम गर्दै आएको छु। पछिल्लो युद्धविरामको समयमा गाउँ गएको थिएँ। तर भंग हुनासाथ फेरि तलै फर्किएँ। गाउँ जाने स्थिति नभएकोले मेरो जानकारीको स्रोत भनेको तल झरेको बासिन्दा र पत्रपत्रिका हो। किरान्चोकमा पाँच जना मारिएको भन्ने हल्ला सुनिएको छ, तर के हो भन्ने पक्का हुन सकेको छैन। साउन १० गते एक हुल गाउँले आएर हाम्रा मान्छे आएका थिए ? भनेर सोधेका थिए। मैले छैन भनेपछि गए तर कहाँ गए भन्ने थाहा भएन। प्रशासन तथा सुरक्षा निकायले आफ्नो कारवाही समेतका सुचना हामीलाई दिंदैनन्। हामी आफै अन्यौलमा छौं। म आफै गाउँका माथिल्लो भागहरू नघुमेको हुनाले त्यहाँको खेती, गाँजाको कुराहरू मलाई थाहा छैन। माओवादीले गत वर्षदेखि सरकारका कुनै योजना सञ्चालन गर्न नदिने भनेका थिए तर पनि छिटफुट काम भइरहेको थियो। अहिले पछाडि किन रोकियो मलाई थाहा छैन।

## नागरिक समाज तथा राजनैतिक पार्टीको भनाई

**राम नारायण विडारी**

अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च

मैले थाहा पाए अनुसार किरान्चोकबाट प्रतिकारमा उत्रेका समूहले घरको एकजना अनिवार्य जानुपर्‍यो भनी पालुङसम्म आएका छन्। खासगरी जनमोर्चाको सुमित गोलेसहितका ७ जना विस्थापित भएका छन्। गोगनेका ५ जना, डाँडाखर्कका २ जना, आग्राका ५ जना प्रत्यक्षदर्शी यहाँ आएका थिए। किरान्चोक गाँजा तस्करहरूको क्षेत्र भनेर चिनिन्छ। शुरूमा १०० जनाको टोली आग्राको काभ्रेमा जम्मा भई घरको एकजना लिई सावित्री घिमिरे (सामना) लाई मारे। उसलाई अत्यन्तै पासर्विक हत्या गरेको जानकारी हामीले पाएका छौं। प्रतिकारमा घरको एकजना जानु पर्ने नगए माओवादीको आरोप लगाउने प्रतिकारकाले भनेका छन्। प्रतिकारमा नजानेहरू पालुङमा आएर बसेका छन्। प्रतिकारका मानिसहरू यहीं पनि आए भने छुप्काई दिने भनी बसेका छन्। सामनासँग मारिएको भनेको व्यक्ति ५२ वर्षको बताएका छन्। घर जमीन भारतीय तस्करले कब्जा गर्छ। खेती गरेपछि तस्करलाई जिम्मा लगाउँछन्। गाँजाबाहेक अन्य खेती नहुने क्षेत्रमा गाँजाको खेती भएपछि जनता धनी भए। त्यहाँको मुद्दा आउँदा पैसा भारतीय ( आइसी) आउँछ। माओवादीले गाँजा नलगाउने भनेका र १५/२० जनाको माओवादीको समूहले गाँजा फाँडिदिए। गाँजा नफाँड भनी महिला केटाकेटी सबै गए। त्यतिबेला माओवादीले केहीलाई पिटे। माओवादीलाई त्यो घटनामा त्यति वास्ता छैन। सेनाले बेस क्याम्प राख्ने तयारी गरिरहेको छ। तत्काल हुने दुर्घटना केन्द्रीय स्तरबाट रोक्नु पर्दछ। घटना पछि पृतनापति, डिआजी, कर्णेल त्यहाँ पुगेका थिए। माओवादीको तालिम केन्द्रको विषयमा ताल्तीमा सेल्टर हो रे तर हतियार थिएन। माइनिङसम्म थियो। फोन सञ्चालन गर्ने कार्यका लागि सोलार प्यानलसेट तयार गरेका होलान।

सामनालाई खुट्टामा गोली हानी चिरेर मारेका, बुढोलाई कब्जामा लिई दिनभरि सोधपुछ गरी टाउकोमा लाठ्ठी हानी मारेको हामीले जानकारी पाएका हौं। पत्रिकाले गाँजाको कुरो लेखेको छैन। कान्तिपुरमा विद्रोहीको विज्ञप्ती छापिएन। गाउँलेहरूसँग हतियार कसरी आयो ? डिस्पोजल कसरी भयो ? गाँजाको खेती छ महिना गर्ने र त्यसपछि गाँजा बेचेको पैसा प्रशस्त भएपछि संगठित गर्न गाह्रो भएकोले गाँजा फाँडिएको हुन सक्छ। वेसक्याम्प राख्ने तयारी पहिले पनि थियो। राख्न सकिरहेको थिएन। वेसक्याम्प राख्न यो नाटक गरिएको हुन सक्छ।

**नरेन्द्र मिश्र**

सभापति, नेपाली काँग्रेस, मकवानपुर

यो घटना साह्रै नै दु:खदायी घटना भयो। त्यसमा क्षोभ प्रकट गर्नै पर्दछ। त्यो प्रतिकारमा हाम्रो पार्टीका कोही पनि छैनन्। यस क्षेत्रमा कुनै कार्यक्रम गर्न माओवादी र सरकार दुवैतर्फबाट स्वीकृति लिनुपर्ने भएकोले धैरै कार्यक्रम गर्न सकिएको छैन। सुरक्षा निकायबाट चाहिने नचाहिने खोजीनीति हुने। ती क्षेत्रमा राजनीतिक पार्टीको कार्यक्रम पुऱ्याउन सके समस्या न्यूनिकरण गर्न सकिन्छ। मारिनेहरू माओवादी भएको र उनीहरूबाट हतियार बरामद गर्नुका साथै विस्फोटक पदार्थ निस्क्रिय पारेको भन्ने जानकारीमा आएको छ। अर्कोतिर प्रभावित क्षेत्रमा विस्फोटक पदार्थ निस्क्रिय पार्ने कार्य जनप्रतिकारमा उत्रेका जनताले गरेका भन्ने जानकारी प्राप्त भएको छ। यसले गर्दा कतै माओवादी तथा सैनिकका तर्फबाट पनि यो घटना घटाएको त होइन भन्ने शंका रहेको छ। त्यसका साथै जनतालाई भित्री रूपबाट कुनै शक्तिले उचालेको हुन पनि सक्छ। मारिएकाहरूको नाम थाहा नभएपनि ५ जना मारिएका भन्ने जानकारी आएको छ। विधिको शासन नचाहने तथा व्यक्तिगत शासन चाहने प्रवृत्ति भएका व्यक्तिका साथै अतिवादी सोच हावी भएको  कारण ज्यादति बढेको र त्यसैको फलस्वरूप यो घटना भएको देखिन्छ। नागरिक प्रशासनको उपस्थिती नभएको र सैन्यवादी शक्ति हावी भएको कारणले पनि प्रतिकारको नाममा हिंसा बढेको देखिन्छ। मारिएको मानिस जोसुकै भएपनि घरैपिच्छे सैनिक तालिम छैन। प्रतिकारमा उत्रिएका मानिस माथि पनि शंका उत्पन्न भएको छ। हातहतियार चलाउन जान्ने र एम्बुस निष्कृय बनाउ सक्ने सीप उनीहरूसँग छ। दुवैको कार्यक्रम विधिको शासन नभई व्यक्तिको शासनलाई बढावा दिने काम भएको छ। दुवै पक्षको ज्यादती बढेको छ। संवेदनसिलताको अभाव अतिवादी सोचको विकास अघोषित रूपमा कार्यक्रम प्रतिबन्धित भएको छ। कोही मान्छे नमरून भन्ने हाम्रो चाहना छ। गाउँ कब्जा गर्न एउटा बन्दुके र नगर कब्जा गर्ने अर्को बन्दुके छन्। साँच्चिकै भन्दा नागरिक सरकार र विधिको शासन नेपालमा छैन। शासन जनतालाई वाइपास गर्ने किसिमको छ। नागरिक सरकार छैन। सैन्य अभिमुखीकरणतर्फ अगाडि बढेको छ। यसलाई नागरिक सरकार भन्ने वा सैन्य अभिमुखीकरण भन्ने ?

**कृष्णप्रसाद दाहाल**

सचिव, नेकपा (एमाले), मकवानपुर

हामीले घटनाको बारेमा १० गते मात्र थाहा पायौं। अहिलेको स्थिती हेर्दा त्यसतर्फको क्षति तथा कारणहरूको बारेमा तत्काल केही भन्न सकिने स्थिति देखिदैन। वास्तविकता बुझ्न पार्टीले भर्खरै एउटा टोली घटनास्थल तर्फ पठाएको छ। विस्तृत कुरा टोली फर्केपछि थाहा हुने छ।

अहिलेसम्म हामीलाई प्राप्त जानकारी अनुसार घटना शुरू हुनुमा गाँजाका साथै अन्य विभिन्न कारणहरू देखिन्छन्। करिब साढे एक वर्ष अगाडि **गोकर्ण अर्याल** नाम गरेका शिक्षकलाई माओवादीले मारेका थिए। त्यस्तै माओवादीकै कारण जनमोर्चाका केही कार्यकर्ता विस्थापित हुन पुगेका थिए। यस्ता कुराहरूले पहिलेदेखि नै जनआक्रोस बढिरहेको थियो। पछिल्लो समयमा आएर माओवादीका उद्दण्ड कार्यहरू, चन्दा आतंक, एकाधिकारवादी चिन्तन सोच तथा असह्य यातनाका कारण जनता प्रतिकारमा उत्रन बाध्य भएको देखिन्छ। प्रतिकारमा उत्रिन एक दुई जना मात्रै अघि बढेर हुँदैन, सम्पूर्ण समुदायमा नै त्यो भावना विस्फोट हुनु पर्दछ अनि मात्रै सबै जनता यस अभियानमा अघि बढ्दछन्। अहिलेको घटनामा पनि माओवादीले दिएको यातना तथा अन्य ज्यादतीपूर्ण कार्यको विस्फोट भएको देखिन्छ।

त्यस भेगमा व्यापक रूपमा गाँजा खेती गरिन्छ। शुरूशुरूमा गाँजा तस्करले जनतालाई ब्यापक उपयोग गरेका थिए। पछि माओवादीले समेत उनीहरूलाई उपयोग गरे। अहिले माओवादीले गाँजा फडानी गर्न खोजेकोले जनआक्रोसमा थप बल पुगेको हुनसक्छ। घटनामा धादिङ तर्फ ५ जना माएिको र मकवानपुर तर्फ २ जना, एकजना महिला सामना भन्ने र अर्को माओवादीले सँगै लिएर हिंडेको वृद्धको मृत्यु भएको भन्ने जानकारी आएको छ।

यस अघि पनि डाँडाखर्क गाविसका एमालेका संगठित सदस्य सालिकराम थिंगलाई माओवादीले अपहरण गरी लगेको अवस्थामा २ सय जना जनता खोज्दै गई छुटाएर ल्याएको थियो। त्यसको साथै स्थानीय एक शिक्षकको माओवादीले हत्या गरेपछि त्यस ठाउँमा राजनैतिक क्रियाकलाप शुन्य रहेको छ।

त्यस क्षेत्रको आम्दानीको मुख्य स्रोतको रूपमा रहेको गाँजालाई नष्ट गराई उनीहरूलाई अन्य बैकल्पिक पेशामा लगाउन प्रशासन तथा राजनैतिक पार्टीका सम्पूर्ण कार्यकर्ता समेत लागि परेका थियौं। जनताले पनि गाँजालाई राम्रो पेशा मानेका समेत थिएनन् र पछिल्लो समयमा त्यसमा केही परिवर्तन पनि आएको थियो। तर माओवादीले सोही कार्यलाई कडा ढंगबाट प्रस्तुत गरेका कारण पनि सो घटना घटेको देखिन्छ।

सेना तथा राज्यले चाहेमा गाँजा खेती कम गर्न सक्दथ्यो। तर सम्पूर्ण रूपमा भन्न नसकिए पनि गाँजा तस्कर र सेनाको समेत मिलेमतो भएकोले समेत यो घटना घटेको हो की भन्ने आशंका रहेको छ। जनताले ४ जनालाई सेनामा बुझाएकोमा १ जना कृष्णबहादुर श्रेष्ठ, नेकपा (एमाले) का संगठित सदस्य हुन्। यसबारेमा सेनासँग बुझ्दा मानवीय कानुन पालना गरी पूर्जी दिने र सुरक्षाको ग्यारेन्टी दिने आश्वासन दिएको छ।

मकवानपुरमा जनआक्रोस बढी देखिएकाका कारण डरलाग्दो स्थिति सृजना भएको छ। कुनै पनि बेला निर्दोषहरू मारिन सक्छन्। त्यसैले माओवादीले तत्कालै सेना र गाँजा तस्करलाई दोष लगाउन छोडेर आफ्नो व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ।

तत्काल शान्ति स्थापना हुन नसक्ला तर पनि यसको पहल गरिनुपर्दछ। हामी पार्टी स्वार्थलाई नहेरी जनआक्रोस नियन्त्रण गनो लागि पहल गर्नेछौं।

गाउँलेहरूलाई म गाँजा तस्कर भन्दिन उनीहरू गाँजा किसान हुन्। नाफाका कारणले पनि होला कतिपय अवस्थामा प्रशासनिक संरक्षण पाइआएकोले पनि होला त्यसलाई नष्ट गरी विकल्प प्रस्तुत गर्न सकिएको छैन। गाँजा किसानको एकता पहिले पनि हातहतियार सहितको थियो।

माओवादी कार्यकर्ताको कडा ढंगले प्रस्तुत हुने क्रियाकलापले पनि प्रतिकारमा मद्दत गरेको छ। डाँडाखर्कको निर्वतमान गाविस उपाध्यक्ष शालिकराम थिडलाई अपहरण गरेर यातना दिँदा भागेर छुटे। त्यतिबेलादेखि जनआक्रोस बढेको थियो। जनताको आक्रोस भुसको आगो जस्तै भित्रभित्रै फैलिरहेको थियो। गाँजा फाँड्ने काम भएपछि झन् बढ्यो। यो जन आक्रोसले नमारिनु पर्ने मानिस मारिए। जनतालाई वेवास्ता गर्ने परिपाटीले यो घटना भयो। माओवादीले पनि सुधार गर्नैपर्छ। जनताप्रति उत्तरदायी हुने रूपान्तरित हुने घटनाको रूपमा माओवादीले विकास गर्नुपर्छ। जनआक्रोसको मात्रा बढी छ। सुरक्षा निकाय र तस्करहरूको मिलेमतो पनि केही तत्व हो तर माओवादीको उदण्डता पनि यसमा धेरै जिम्मेवार छ। गाँजा पराम्परागत जंगली रूपमा थियो। अहिले चाहिँ इण्डियादेखि गाँजा तस्करहरूको संलग्नता छ। स्थिति गम्भीर नै छ। समस्याको समाधान निर्वाचित पदाधिकारीहरूले गर्न सक्तछन् तर जनप्रतिनिधिहरू विस्थापित भइसकेका छन्।

**जागृत रायमाझी**

जनमोर्चा विद्यार्थी संगठनका कार्यकर्ता

हामीलाई जानकारी भएअनुसार धादिङमा गाजा तस्करको ब्यापक सञ्जाल रहेको छ। किसानलाई गाजा खेतीमा प्रोत्साहन गर्नतथा किसानलाई प्रयोग गर्न अदृष्य शक्ति लागेको थियो। शुरूशुरूमा माओवादीले रकम लिएर गाजा खेती गर्न दिएको भएपनि पछि पैसा उठाउने र बाहिरी हस्तक्षेपले गर्दा माओवादी बीच झगडा भएको र त्यसलाई जोगाउन उनीहरूले गाजा फडानीको अभियान शुरू गरे। यसैकारणले गर्दा र यसमा आफ्नो गल्ती भएको माओवादीका मकवानपुर इन्चार्जले समेत स्वीकारेका छन्।

पहिला पनि यस्तै घटना हुन खोजेको थियो। त्यसबेला किराञ्चोकबाट आएका मानिसहरूले प्रतिकारको लागि आह्वान गर्दा आखाका बासिन्दा ननिस्किएपछि उनीहरूको अभियान यसै सेलाएको थियो तर अहिले कारवाही र यातना बढी भएको कारण यताका बासिन्दा पनि आक्रोशित भएको कारण यो लहर बढेको देखिन्छ।

माओवादीले पहिल्यै कारवाही गरिसकेका प्रेम बहादुर घले तथा गाँजा खेती गरिरहेका स्थानीय आग्राका प्रताप सिंह घलेको सक्रियतामा गोगनेका बाघ सिंहको नेतृत्वमा सेना गएपछि सेनाको पहलमानै प्रतिकार शुरू भएको देखिन्छ। चाहे जोसुकैको अगुवाईमा भएता पनि यो अभियान तुरून्त फिर्ता आउनु पर्ने देखिन्छ।

**माइकल रामचन्द्र अर्याल**

नेपाली कांग्रेस (प्रजातान्त्रिक)

घटना भइरहेको स्थानको छुट्टै संगठित तथा सांस्कृतिक पहिचान रहेको छ। अहिले अप्रिय घटना भइसकेको छ र यस्तो घटना अझै भड्कन नपाओस् भनेर पाँच पार्टीले साउन १७ गते विज्ञप्ति निकालेका छौं।

यो अभियान धादिङबाट शुरू भई मकवानपुरमा सरेको देखिन्छ। यस घटनामा अपराधिक मानसिकता सक्रिय देखिएमा अपराधीलाई सजाय हुनुपर्छ भन्ने हाम्रो चाहना रहेको छ।

धादिङबाट जनता मकवानपुरतर्फ आएर जबर्जस्ती प्रतिकारमा उत्रन लगाएको र नउत्रेमा माओवादी घोषणा गरेर कारवाही गर्ने धम्की दिएका कुरा आएका छन्। प्रतिकारमा उत्रिएकाहरूले नयाँखाले हतियार बोकेका र उनीहरूले माओवादीको तालिम केन्द्र ध्वस्त गर्न जाँदा एम्बुस राख्दै गएका र फर्कदा ती एम्बुस निस्क्रिय पार्दै आएको जानकारी आएकोले यो अत्यन्तै शंकास्पद र गम्भीर कुरा मानिनुपर्दछ। कतिपय प्रतिकारमा जान नचाहनेहरू कारवाहीमा परिने त्रासले विस्थापित समेत भइरहेका छन्। त्यस्तै कतिपय व्यक्तिहरू बदलाको भावना लिएर हिंडेको पनि देखिएको छ। यसलाई कसरी नियन्त्रणमा ल्याउन सकिन्छ भन्ने तर्फ हामी अघि बढिरहेका छौँ। स्थिती जोखिमपूर्ण छ, तैपनि शान्तिको लागि ज्यान जोखिममा राखेर पनि हामी त्यो ठाउँमा जान सक्छौं र जानेछौं पनि।

तर अहिलेको परिस्थितिमा हामी त्यो ठाउँमा जाँदा हामीलाई स्वार्थको लागि जनतालाई प्रयोग गर्न लागे भन्ने आरोप आउन सक्ने भएकोले अहिलेनगएका हौं। सत्य तथ्य कुरा बुझ्नको लागि हामीले टोली पठाएका छौं।

**अनन्त पौडेल**

सचिव, नेकपा (एमाले), अञ्चल कमिटी, नारायणी

यो भारतबाट आउने गाजा तस्करहरूको ठूलो चलखेल हुने इलाका हो। दुई वर्ष अगाडि पनि यही ठाउँबाट लगिएको ११३ बोरा गाजा समातिएको थियो। स्थानीय जनताको प्रमुख आम्दमनीको स्रोतको रूपमा रहेको गाजा खेती नष्ट गर्ने तथा यातना दिई शासन गर्ने माओवादीको प्रयासले गर्दा अभियान जनआक्रोशसँगै फैलिएको देखिन्छ। हिंसा फैलिएको ठाउँमा कुनै व्यक्ति विशेष वा सेना तथा गाजा तस्करले भड्काएको हुन सक्ने सम्भावनालाई पनि नकार्न सकिँदैन। हामीले सत्यता के हो भनेर सिडीओसँग कुरा गर्दा उहाँले समेत खासै जानकारी नभएको भन्ने कुरा गर्नु भएको थियो।

**सुरेन्द्रमान प्रधान**

पत्रकार, रेडियो नेपाल/नेपाल समाचारपत्र

धादिङबाट शुरू भएर मकवानपुरमा सल्केको प्रतिकारको अभियान छाडा र अनियन्त्रित रूपमा बढ्दै गइरहेको छ। कसैको नेतृत्व छैन। के गर्ने र कहाँसम्म पुग्ने भन्ने पत्तो छैन। जनताको हातमा हतियार छ। त्यसले कता लैजान्छ भन्ने निश्चितता छैन्। क्रुरताको हद पार भइसकेको छ। जनतालाई जबरजस्ती प्रतिकार अभियानमा समावेश गराइएको छ। त्यसकारण कैयौं विस्थापित भइरहेका छन्। विध्वंसमा लाग्न नचाहने आग्रा गाविस-४ का जनताले साउन १६ गते जीवन स्याङ्तानको नेतृत्वमा २१ सदस्यीय शान्ति समिति गठन गरेका छन् तर उनीहरू पनि असुरक्षाको समस्यामा परेका छन्। ६ गते आग्रामा हत्या भयो भन्ने ९ गते मात्रै थाहा पाएँ। १० गते बिहानै म र कुमार नेगी त्यता गयौं। एउटा डाँडामा सात/आठ सय जतिको भीड जम्मा भएको थियो। उनीहरूको हातमा भरूवा बन्दुक र गाँजा पिस्तोल पनि थियो। गाँजा तस्करले बोक्ने पेस्तोललाई गाँजा पिस्तोल भनिन्छ। हामीले परिचय दिएपछि उनीहरूले सामनालाई मारेको ठाउँसम्म पुऱ्याए र के भएको थियो भन्ने सुनाए।

हामीलाई थाहा भए अनुसार सामनाको करिब ५ जनाको टोली गाउँ जाँदा उनीहरूलाई गाउँलेहरू आउँदै छन् भन्ने थाहा थियो। तर उनीहरूले के गर्न सक्लान् र ! भन्ने ठानेर दामगडेको बीचमा पुगेपछि उताबाट आएका गाउँलेहरूले माओवादीलाई घेरे। शारीरिक रूपमा सामना अलि कमजोर देखिइन्, अरू केटाहरू भाग्न सके। सामनाले बचाउको लागि एउटा सकेट बम प्रहार गरेकी थिइन् तर पड्केन। त्यसपछि एकजनाले उनलाई समातेर सडकमा पछाऱ्यो र अरूले जे पायो त्यसैले, ढुंगा मुढा, खुकुरीले हाने। भरूवा बन्दुक पनि हानिएको थियो। उनलाई घाँटी रेटेर मारिएको थियो र मारेपछि रेट्ने व्यक्ति नै आधा घण्टा बेहोस भएको थियो भने। अर्को उनीसँगै हिंडेको व्यक्तिलाई त्यहाँभन्दा केही पर पुऱ्याएर मारेर माओवादीले नै खनाएको बंकरमा पुरिदिए। सामनालाई काटेपछि त्यो रात सडकमा नै छोडिदिए र भोलिपल्ट आएर सडक छेउमा गाडिदिए। त्यतिबेलासम्म उनको सास बाँकी नै थियो भनी हामीसँग भने।

हामीले तपाईहरूको नेता को हो भन्दा कोही देखाएनन्। माओवादीले हामीलाई दुःख दिएकाले हामी उत्रेका हौं, भोकै पनि लड्छौं भन्ने उनीहरूको भनाइ थियो। सेनालाई समेत खबर दिएका रहेनछन्। सामनासँग भएका दस्तावेज, ग्रिनेट, माओवादी छोडेर हिंडेकाको फोटाहरू, कम्ब्याट ड्रेस बरामद गरेको थियो भन्ने जानकारी उनीहरूले दिए।

अहिले सेना पनि घटनास्थल पुगेको छ। तर जनताका हातमा अझै हतियार छन्। कपिय सर्वसाधारणलाई धम्क्याएर जबरजस्ती हिंडाइएको छ। ती जनताको जीवन खतरामा छ। हामी जाँदा गाउँलेले अझ कसैलाई गाउँ छिर्न दिएका थिएनन्। सेना फर्केपछि पनि केन्द्रको भनाई र यहाँको गराई समान देखिएको छैन।

हामीलाई प्राप्त जानकारी अनुसार धादिङ तर्फ पाँच जना र मकवानपुरतर्फ २ जना गरी सात जना मारिएका छन्। माओवादीले पनि त्यही पुष्टि गरेका छन्। ८ गते शनिबार बेलुकी साढे ६ देखि सात बजेसम्ममा दामगडे र भकुण्डेमा गरी दुईजना मारिएका हुन्।

निश्चय पनि माओवादीले गलत काम गरेका हुन्। तर निहुँ त्यो मात्र होइन। सरिखेत, कालिटार, डाँडाखर्क, आग्रा, गोगनेका जनताको प्रमुख आयस्रोत गाँजा खेती नै हो। भारतीय मूलका व्यक्तिहरू आएर त्यहाँ व्यवस्थित गाँजा खेती गराउँछन्। अघिल्ला वर्षहरूको चन्दा लिएर गाँजा खेती गर्न दिएको भनेर माओवादीको बदनामी भएको थियो। अहिले माओवादीले फाड्न लगाउँदा उनीहरूको आयस्रोत नै डुबेको छ। यसमा राजनैतिक कारण केही छैन।

अब जनताको हातको हतियार र प्रतिकारको लहर रोक्न सुरक्षा प्रशासन नै जिम्मेवार हुनुपर्छ। ७ नं. बाहिनी जर्नेलले हामी सुरक्षा दिन्छौं भन्ने आश्वासन दिएको कुरा आएको छ। माओवादीतर्फ पनि यो घटनाले जनाधारको हिसाबले र भौतिक सामग्री पनि निकै नष्ट भएको छ। माओवादीले दु:ख नदिए हामी केही गर्दैनौं भन्ने जनताको भनाइ भएकोले उनीहरू पनि सफा हुनुपर्दछ।

**निष्कर्ष तथा सुझावहरू**

घटनाका सम्बन्धमा प्रकाशित सामग्री, स्थलगत अध्ययन र प्रतिकारमा उत्रिएका स्थानीयबासीहरू, माओवादीद्वारा कुटपीट गरिएका घाइते र उनीहरूका परिवार, घटनाका प्रत्यक्षदर्शी, तथा आफन्तहरू, प्रतिकारमा उत्रिएका जनताको कब्जामा रहेका माआवादीका अतिरिक्त, स्थानीय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय मानवअधिकारवादी संघ संस्थाका प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा गरिएको छलफल तथा सोधपुछ समेतका आधारमा तथ्य सङ्कलन टोली निम्न निष्कर्षमा पुगेको छ :

स्थानीय बासिन्दा माओवादी गतिविधिको शुरूवातका दिनमा सहयोग गरिएको बताउँछन। तर माओवादीको ज्यादति बढ्दै गएपछि प्रतिकारमा उत्रिनु परेको उनीहरू बताउँछन्। माओवादीले स्थानीय बासिन्दालाई कुटपीट गर्ने, धम्की दिने गर्न थालेपछि द्वन्द्व बढ्न थालेको पाइन्छ। माओवादी कार्यकर्ताहरूले जनतालाई जवरजस्ती भारी बोक्न लगाउने, जनताले आफ्नो लागि पकाएको खाना खाइदिने, केटाकेटी बुढाबुढी समेतलाई कुटपीट गर्ने जस्ता गतिविधि २०६२ असार १६ गते पछि तीव्र पारेको बुझियो। माओवादीले बनाएको नियमबमोजिम चाडपर्व मान्नु पर्ने, उनीहरूले तोकेको एकहल खेती मात्र लगाउनु पर्ने, खसी बोका रागाँ कुखुरा बेच्दा समेत कर तिर्नु पर्ने लगायत्का शर्त बन्देजहरू लगाइएको पाइयो। माओवादी कार्यकर्ताहरूद्वारा ती शर्त बन्देज नमाने हातखुट्टा काटिदिने चेतावनी दिइयो। प्रभावित क्षेत्रका जनताको प्रमुख आयश्रोतका रूपमा रहेको गाँजा खेती यो वर्ष नष्ट गर्नु पर्ने आदेश माओवादीहरूले दिए। तर गाउँलेले फडानी नगरे पछि उनीहरूलाई कुटपीट गर्नुको साथै पुन: कारवाही गर्ने धम्की दिए। असार २९ गते माओवादीले साउने सक्रान्ति एक दिन भन्दा बढी मान्न नपाउने एक दिन भन्दा बढी माने हातखुट्टा काटिदिने आदेश जारी गरे। त्यसपछिको दिनमा माओवादी कार्यकर्ता र स्थानीय बासिन्दाबीचको द्वन्द्वले हिंसात्मक रूप धारण गर्न पुग्यो। त्यसरी माओवादी प्रतिकारका नाममा स्थानीय बासिन्दाद्वारा शुरू गरिएको प्रतिहिंसामा हालसम्म ५ जना माओवादी कार्यकर्ताको हत्या भइसकेको छ। त्यसै गरी प्रतिकारमा उत्रिएका स्थानीय बासिन्दाले कब्जा गरेका आठ जना मध्ये चार जना सुरक्षाफौजलाई बुझाएका छन भने चार जना उनीहरू कै कब्जामा रहेका छन्।

२०६२ साउन २ गतेदेखि प्रतिकारमा उत्रिएका गाउँलेले माओवादीलाई खोज्दै जाँदा साउन ५ गते किरानचोक गाविसको वडा नं. २ सल्लेमा हिमाल उपनाम गरेका किशोरजंग बस्नेतलाई, ६ गते महादेवस्थान गाविस वडा नं. ६ सुन्दरनागीमा २ जना रामकुमार बराल “कलम” र कमल ढकाल “कमल” लाई र ८ गते मकवानपुर आग्रा गाविसको वडा नं. १ दामगडे र भकुण्डेबासमा सावित्री घिमीरे “सामना” र राम जी वाग्लेलाई प्रतिकारमा उत्रिएका गाउँलेले हत्या गरेको पाइयो। ७ गते महादेवस्थान गाविस वडा नं. ५ मा पर्ने बोल्ने लेकमा भएको माओवादीको सञ्चार सहितको आश्रयस्थल प्रतिकारमा उत्रिएका गाउँलेले आक्रमण गरी विभिन्न सामानहरू समेत कब्जा गरेको उनीहरूले बताए।

प्रतिकारमा उत्रिएका गाउँलेहरूले गाउँका प्रत्येक घरबाट प्रतिकारमा हिंड्नु पर्ने आदेश जारी गरेका छन्। प्रतिकारमा नहिंडे माओवादीको आरोप लगाइ कारवाही गर्ने चेतावनी समेत दिएका छन्।

प्रतिकारमा उत्रेका गाउँलेहरूसँग हातहातमा लाठी, खुकुरी, हसिँया, खुर्पा, कत्ती, भाला, तरवार, खुँडा, भरूवा बन्दुक समेतका हतियारहरू छन्। उनीहरूले आफ्नो क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेका छन्। ठाउँ ठाउँमा उनीहरूका शसस्त्र सेन्ट्री छन्। उनीहरूको प्रतिकार अभियान अहिलेसम्म पनि जारी छ। उनीहरूको अभियान थप अन्य गाउँमा बढाउँदै लगेको पाईयो। त्यो क्षेत्रमा उनीहरूले अनुमति दिएका बाहेक अरू कोही पनि प्रवेश गर्न सक्ने अवस्था छैन्।

माओवादीले आफूलाई प्राप्त भएको प्रारम्भिक जानकारीको उल्लेख गर्दै प्रकाशित गरेको अनलाईन समाचारमा उक्त घटना शाही सेनाको योजना र सिविल सेना-प्रहरीको संलग्नता तथा गाँजा तस्करहरूको मिलेमतोमा भएको जनाएको छ। घटना गाँजा तस्करलाई कारवाही गरेकाले उत्पन्न भएको भन्ने समेत समाचारमा उल्लेख गरिएको छ।

उल्लेखित दुवै जिल्लाका जनताउपर विगतमा माओवादी कार्यकर्ताहरूले आफ्ना विविध नीति तथा नियमको पालना गराउने नाममा ज्यादति गरेका प्रष्ट छ। तर साउन महिनाको शुरूवातदेखि माओवादीको प्रतिकारका नाममा विधमान कानुनको वेवास्ता गरी हिंसाकै बाटो समातिएपछि अन्तरार्ष्ट्रिय मानवअधिकार र मानवीय कानूनको समेत उल्लंघन भएको छ। शान्ति सुरक्षा वहाल गर्ने राज्यको दायित्वलाई व्यवहारमा रूपान्तरण गर्ने निकायहरूको काम कर्तव्य नागरिकबाट पूरा गराउने अवधारणा राज्यबाट अघि बढाइनु भनको गृहयुध्दलाई निम्त्याउनु हुन जान्छ।

माओवादी विरूद्ध प्रतिकारमा उत्रिएका स्थानीय बासिन्दाबाट सिर्जित हत्याका श्रृंखलाबद्ध घटनाका कारण मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा ६ तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (१) अर्न्तगत प्रत्याभूत बाँच्न पाउँने अधिकारको र मृत्यु दण्ड नदिइने अधिकारको पूर्ण रूपमा उल्लङ्घन भएको छ। त्यसैगरी कानून बमोजिम बाहेक कसैको ज्यान लिन पाईदैंन भन्ने मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं.को व्यवस्थाको पनि पूर्ण रूपमा उल्लंघन भएको छ।

माओवादीले लडाइँमा संलग्न नरहेका सर्वसधारण नागरिक उपर जीवन तथा शरीर विरूद्ध हिंसा गर्ने कार्य गरेकाले त्यस्ता कार्य निषेधित गर्ने जेनेभा महासन्धिको साझा धारा ३ को पूर्ण रूपमा उल्लंघन गरेका छन्।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति** माओवादी समक्ष अब उप्रान्त जनतालाई दु:ख दिने कुनै पनि कार्य नदोहऱ्याउन र आफ्ना प्रतिवद्धताहरूको स्मरण गर्न आव्हान गर्दछ। माओवादीको केन्द्रीय नेतृत्वसमक्ष हामी विगतमा आफ्ना कार्यकर्ताहरूबाट भएको कतिपय ज्यादतिका कारण समेत दु:खद घटनाक्रमको जन्म भएको तथ्य आत्मसात गर्दै दुवै जिल्लाका स्थानीय जनताउपर प्रतिशोधको कार्वाही अघि नबढाउन विशेष अपील गर्दछौं। हामी नेकपा (माओवादी) समक्ष दुवै जिल्लामा आफ्ना कार्यकर्ता पंक्तिबाट विगतका दिनमा भएका गल्ती कमजोरीलाई सच्याउन र आमजनताउपर थप हिंसा नगर्न आव्हान गर्दछ।

यस घटनामा प्रतिकारको नाममा स्थानीय बासिन्दाद्वारा कानून हातमा लिइ हत्या गर्ने कार्य भएको छ। तसर्थ: समग्र घटनाक्रमको तत्काल छानविन गरी दोषीउपर कानुनी कारवाही गर्न श्री ५ को सरकारसँग माग गर्दछ। साथै स्थानीय बासिन्दाको कब्जामा रहेका चार जनालाई कानुन बमोजिम आफ्नो नियन्त्रणमा लिन हामी सरकारसमक्ष माग गर्दछौं।

आक्रोशित स्थानीय बासिन्दा अहिले पनि हतियारले सुसज्जित भएर प्रतिकारमा हिंडिरहेकाले थप हिंसा रोक्न उनीहरूलाई तत्काल निशस्त्र गर्न आवश्यक छ। उनीहरूलाई तत्काल निशस्त्र गरी आवश्यक सुरक्षाको प्रबन्ध गर्न श्री ५ को सरकारसमक्ष आव्हान गर्दछ।

# अनुसुची -१

**प्रतिकारमा उत्रेका गाउँलेहरूले दिएको सुची अनुसार २०६२ असार १६ गते पछि माओवादीद्वारा कुटपीट गरिएका किरान्चोक गाविस वडा नं. ५ र ६ तथा पीडा गाविसका स्थानीय बासिन्दाहरूको नामावली**

**किरान्चोक गाविस वडा नं. ६ पेटारेमा माओवादीद्वारा कुटपीट गरिएका व्यक्तिहरू**

| | | |
|---|---|---|
| १. | सञ्च बहादुर थोक्रा (लाटो) ४० वर्ष | |
| २. | जयलाल तामाङ | ५५ वर्ष |
| ३. | जितबहादुर तामाङ | ५८ वर्ष |
| ४. | सोमबहादुर तामाङ | ५५ वर्ष |
| ५. | भिमबहादुर तामाङ | ३० वर्ष |
| ६. | होमबहादुर तामाङ, | ३८ वर्ष |
| ७. | ठुली माया तामाङ, | ८३ वर्ष |
| ८. | बमबहादुर तामाङ, | ४५ वर्ष |
| ९. | केमुमाया तामाङ, | ५२ वर्ष |
| १०. | जिब्रालाल तामाङ, | ६० वर्ष |
| ११. | कान्छीमाया तामाङ, | ६९ वर्ष |
| १२. | जितलाल तामाङ, | ८५ वर्ष |
| १३. | टेकबहादुर तामाङ, | ५५ वर्ष |
| १४. | टेकबहादुरकी श्रीमती, | ५४ वर्ष |
| १५. | बुद्धिमाया तामाङ, | ३५ वर्ष |
| १६. | जितबहादुर तामाङ "ख", | २५ वर्ष |
| १७. | प्रतापसिंह तामाङ, | ४३ वर्ष, |
| १८. | विरबहादुर तामाङ, | १४ वर्ष |
| १९. | विरबहादुर पाखिन, | १२ वर्ष |
| २०. | मानबहादुर पाखिन, | ७५ वर्ष |

**वडा नं. ५ तिनघरेका स्थानीय बासिन्दाहरू**

| | | |
|---|---|---|
| १. | शेरबहादुर स्याङ्ताङ | ५६ वर्ष |
| २. | सूर्यबहादुर थिङ | २० वर्ष |
| ३. | धनबहादुर डिम्डुङ | २१ वर्ष |
| ४. | कान्छा थिङ | ४७ वर्ष |
| ५. | कृष्णबहादुर स्याङ्तान | ५९ वर्ष (आँखा अन्धो भएको) |
| ६. | विरबहादुर घलाङ | ५ वर्ष बालक (लाटो) |
| ७. | अकलबहादुर घलाङ | ५३ वर्ष |
| ८. | ठूलीमाया घलाङ | ५७ वर्ष |

**पीडा गाविसमा**

| | |
|---|---|
| १. डिलमाया तामाङ, | १५ वर्ष |
| २. चिनीमाया तामाङ, | १४ वर्ष |
| ३. नारबहादुर तामाङ, | ९ वर्ष |
| ४. सोमबहादुर तामाङ, | २१ वर्ष |
| ५. रानचारीमाया तामाङ, | ४२ वर्ष |
| ६. भीमबहादुर तामाङ | |
| ७. बुद्धिमान थोक्रा | |
| ८. मानबहादुर लोप्चन | |
| ९. बुद्धीमाया थोक्रा | |
| १०.लालबहादुर गोम्वा | |

## अनुसुची - २

### मारिएकाहरू

६ नं. बाहिनी बैरेनी, धादिङबाट प्राप्त मृतकहरूको नामावली

१. हिमाल
    ५ गते किरानचोकको सल्लेभञ्ज्याङ्गमा मारिएको
२. (क) कमल
    (ख) कमल
    ६ गते महादेवस्थानको सुन्दरनागीमा
३. (क) राम जी (पुरूष)
    (ख) सामना (महिला)
    ८ गते मकवानपुर आग्राको दामगडेमा

**जिल्ला प्रशासन कार्यालयबाट प्राप्त मृतकको नामावली**

१. हिमाल भन्ने किशोरजंग बस्नेत, धादिङको भूमेस्थान-२
२. कमल भन्ने रामकुमार बराल, धादिङको किरानचोक गविास
३. कमल ढकाल
४. रामजी वाग्ले
५. नाम नखुलेको र लिङ्ग नखुलेको एक गरी २ जना

# अनुसुची -३

**प्रतिकारमा उत्रेका समुहले पक्राउ गरी सुरक्षामा बुझाइएका र आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण ऐन अर्न्तगत नजरबन्दमा रहेका व्यक्तिहरू**

***७ नं. बाहिनी, चनवन मकवानपुरबाट दिईएको सुची अनुसार***

*१. कृष्ण भन्ने चेतबहादुर मुक्तान (संघर्ष), वर्ष १८ को*

मकवानपुर जिल्ला गोगने गाविस-६ का रामकाजी मोक्तानको छोरा। निजबाट आतंककारी सम्बन्धी दस्तावेज तथा फोटोहरू बरामद भएको। निजको
हैसियत विगतमा कथित सैन्य सदस्य, हाल इलाका कमिटी सदस्य।

*२. बुद्धिमान मोक्तान (प्रदिप), वर्ष २१ को*

मकवानपुर जिल्ला गोगने गाविस-६ बस्ने हिरा सिंह मोक्तानको छोरा। निजबाट आतंकाकरीको दस्तावेज र सकेट बम गोटा १ बरामद भएको। निजको हैसियत कथित २८ औं बटालियन ए. कम्पनीको FGL (Forward Group Leader)

*३. कृष्णबहादुर श्रेष्ठ, वर्ष ४३ को*

ऐ. गाविस-९ का नन्दलाल श्रेष्ठको छोरा। निजबाट चन्दा संकलन गर्ने रसिद प्याड र आतंककारीहरूको विभिन्न दस्तावेजहरू बरामद भएको। निजको हैसियत नखुलेको तर भित्री रूपमा चन्दा संकलन, खाद्यान्न संकलन र सुराकीको कार्य गर्ने गरेको।

*४. शंकरप्रसाद अधिकारी, वर्ष ३२ को*

ऐ. जिल्ला डाँडाखर्क गाविस-२ बस्ने टंकनाथ अधिकारीको छोरा। निजबाट आतंककारी सम्बन्धी दस्तावेज फेला पारेको। निजको हैसियत नखुलेको, चन्दा तथा खाद्यान्न संकलन गर्ने र सुराकीको कार्य गर्दै आएको।

# अनुसुची -४

**हालसम्म पनि गाउँलेको कब्जामा रहेका व्यक्तिहरू**

| | |
|---|---|
| १. ठाकुरसिंह मोक्तान | भार्ता -७, मकवानपुर |
| २. रामबहादुर स्याङताङ | महादेवस्थान गाविस-८, धादिङ |
| ३. रामप्रसाद वि.क. | आग्रा गाविस वडा नं. ८, मकवानपुर |
| ४.बुद्धिमान तामाङ | |

# अनुसुची -५

## प्रतिकार समुहले कब्जा गरी बरामद भएका सामानहरू

**मिति २०६२ श्रावण १५ गतेको सभामा ल्याइएको टोलीलाई देखाइएका सामानहरू**

| | |
|---|---|
| १. ठुलो सोलार सेट | ६ थान |
| २. सानो सोलार सेट | १ थान |
| ३. दुरबीन | २ थान |
| ४. प्रेसर कुकर | २ थान |
| ५. Volta Deep Cycle Battery लेखिएको ब्याट्री | १ थान |
| ६. हत्कडि | १ थान |
| ७. VHP Cordless Charger | १ थान |
| ८. Buster | १ थान |
| ९. भरूवा बन्दुक | १ थान |

**जिल्ला प्रशासन कार्यालय धादिङबाट दिइएको सुची अनुसार बरामद गरी सुरक्षाफौजलाई बुझाइएका सामानहरू**

| | |
|---|---|
| सोलार प्यानल | ८ थान |
| विजुली तार | ४ क्वायल |
| कर्डलेस | ६ थान |
| बाइनाकुलर | १ थान |
| क्यामरा | १ थान |
| ठूलो ब्याट्री | १ थान |
| प्रेसर कुकर वम | २ थान |
| फ्ल्यास | ४ थान |
| एफ एम रेडियो | १ थान |
| पेजर | १ थान |
| प्रिपेड मोबाइल | १ थान |
| केही रसिद र फोटाहरू | |

**महादेवस्थान गाविसको ताल्तीबाट स्थानीय प्रतिकार समूहले माओवादीबाट कब्जा गरी सुरक्षाफौजलाई बुझाएको सामग्रीहरूको नामावली**

| | |
|---|---|
| सकेट वम | ६ थान |
| प्रेसर कुकर वम | २ थान |
| कटुवा पेस्तोल | १ थान |
| कटुवा पेस्तोलको गोली | १२ राउण्ड |
| हत्कडी | १ थान |
| भरूवा बन्दूक | १ थान |
| बाइनाकुलर | १ थान |

# अनुसूची -६

## घटना सम्बन्धमा माओवादीको भनाई

**शाही सेनाको संलग्नतामा माओवादीको हत्या**

हेटौंडा, साउन १२/ मकवानपुरको डाँडाखर्कमा भएको हत्याकाण्ड शाही सेनाको योजना र सिविल सेना-प्रहरीको संलग्नता तथा गाँजा तस्करहरूको मिलेमतोमा भएको कुरा प्रारम्भिक रिपोर्टमा प्राप्त भएको नेकपा (माओवादी) वाग्मती-नारायणी ४ नं उपक्षेत्रीय व्यूरो कार्यालयले बताएको छ। यही साउन १० गते दिउँसो मकवानपुरको डाँडाखर्कमा कथित प्रतिकारको नाममा सात माओवादी कार्यकर्ताहरूको हत्या गरिएको थियो।

सो उपव्यूरो कार्यालयले उक्त घटनाको पार्टीले छानविन गरिरहेको पनि बताएको छ। सो कार्यालयका अनुसार पहिले सो स्थानमा माओवादीले गाँजा तस्करहरूलाई कार्वाही गरेको बताएको छ।

यसरी आफ्नै संलग्नतामा माओवादी कार्यकर्ताहरूको हत्या गरेपछि आज शाही सेनाले माओवादीलाई नमार्न बरू आफूलाई बुझाउन भन्दै साखुल्ले पल्टिने कोशिस गरेको छ।

श्रोत: Krishnasenonline